

मजदुरद्वारा मजदुरका लागि नेपालको पहिलो पत्रिका

# श्रमिक खबर

संख्या ६६, असोज २०७८, मूल्य रु.१५।-



## क्रान्तिकारी भूमिसुधार




संख्या ६६, असोज २०५८

**सम्पादन बोर्ड**
मुकुन्द न्यौपाने
विष्णु रिमाल
उमेश उपाध्याय
विन्दा पाण्डे
कविन्द्र शेखर रिमाल

**ले-आउट**
नेस्वप्रेमयूका लागि
महेन्द्र श्रेष्ठ
वृद्धि आचार्य
किरण माली

**व्यवस्थापन**
विनोद श्रेष्ठ

**प्रकाशक**
नेपाल ट्रेड यूनियन महासंघ
कार्यालय तथा प्रकाशन विभाग
पो.ब.नं. १०,६५२,
मनमोहन मजदुर भवन
पुतलीसडक, काठमाडौं।
फोन : २४८०७२, २४५५३२
(हन्टिङ्ग लाइन)
फ्याक्स : २४८०७३
ई-मेल : info@gefont.org
वेभ साइट : www.gefont.org
मूल्य : रु. १५।-

**आवरण**
एम्ज माउस
२६५९४४

**मुद्रक**
इन्द्रेणी अफसेट
अनामनगर, काठमाडौं


**श्रमिक खबरको विज्ञापन दर रेट**

| | |
|---|---|
| आवरण पृष्ठ (पछाडि) रंगिन | १२,००० |
| आवरण पृष्ठ (भित्री) रंगिन | १०,००० |
| पूरा पृष्ठ (भित्री) सादा | ६,००० |
| आधा पृष्ठ (भित्री) सादा | ४,००० |
| चौथाई पृष्ठ (भित्री) | ३,००० |
| न्यूनतम (भित्री) सादा | २,००० |

नोट: अग्रिम भुक्तानीमा १०% छुट तथा वार्षिक विज्ञापन ग्राहकका लागि १५% छुट दिइनेछ।

# हाम्रो भनाई

यो अंक पूर्णत भूमिसुधार वरिपरि केन्द्रित गरेका छौं। यसको मुख्य कारण बहुदलपछिको १२ वर्षमा बल्लतल्ल हल्लिन खोजेको समाजको सामन्ती जडतालाई अझै खलबलाउन मद्दत पुऱ्याउनु हो। "जमीन जोत्नेको" नारा बितेका आधा शताब्दीदेखि दिंदै आएका राजनीतिक शक्तिहरूको परीक्षाको यो घडीमा भूमिसुधारले श्रमिक वर्गको हित गर्छ र अहित गर्छ भने केवल शोषक सामन्तको मात्रै गर्छ भन्ने सन्देश दिनु पनि हो। वर्तमान समय जनताको परीषाको समय पनि हो। अन्याय विरुद्ध हतियार उठाउने विश्वको अनुभव भन्दा पृथक संसदीय क्षेत्रलाई वर्ग संघर्षको केन्द्रको रूपमा विकास गरी सकेसम्म कम क्षतिबाट प्रगतिशील परिवर्तन गर्न चाहनेको लागि यो चुनौती पनि हो। र, यो एउटा अवसर ती सामन्तहरूलाई पनि हो जसका साम् या ज्यानै जाने "युद्ध" को सामना गर्ने या त शान्तिपूर्ण रूपमा हदबन्दीभन्दा बढी जमीन सरकारलाई हस्तान्तरण गर्ने !




... यूनियनहरूको दर्ता संख्या यही २०५७ चैत मसान्त सम्म २०५४ पुगेको छ। यो संख्यामा ४७.१३ प्रतिशत नेपाल ट्रेड यूनियन महासंघ, ३४.७१ प्रतिशत नेपाल ट्रेड यूनियन कांग्रेस र अन्य यूनियनहरू १८.१६ प्रतिशत रहेका छन्। २०५६ सालको तुलनामा २०५७ सालमा प्रतिष्ठान स्तरीय यूनियनको संख्या ११.२६ प्रतिशतले वृद्धि भएको छ। यूनियनहरूमा जिफन्टको ११.६५ प्रतिशत, एनटीयूसीको ९.६९ प्रतिशत र अन्य यूनियनहरूको दर्ता १६.१२ प्रतिशतले वृद्धि भएको देखिन्छ।

भूमिमाथि एकाधिकारका प्रयत्नहरूले नै राज्य व्यवस्थालाई आकार दिए, स्वरूप दिए। भूमिमाथि एकाधिकार र भूमिको आधारमा मानिसको निर्मम शोषणले सामन्तवादी युगमा झन् परिपक्वता पायो। त्यसैले सामन्तवादको अन्त्य गरी समाजको आधुनिकीकरण गर्न भूमिव्यवस्था प्रणाली र स्वामित्वको संरचनामा सुधार गर्नु अनिवार्य हुन्छ भन्ने कुरा इतिहासले सावित गरेको छ।







... अधिकांश पार्टी भित्र रहेका सामन्त र जमिनदारहरूले भने आफ्नो स्वार्थलाई राम्रैसंग खुट्याएका छन्। त्यसैले पार्टीको सीमा नाघेर "भेडा-भेडासंग, बाखा-बाखासंग" को आहानलाई चरितार्थ पार्दैछन्। नेकपा (एमाले) विगतको निर्वाचन घोषणा पत्रमा उल्लेख भए बमोजिम उच्च स्तरी भूमिसुधार आयोगले सिफारिस गरेको हदबन्दी कायम गर्ने र समग्रतामा आयोगको प्रतिवेदन सृजनात्मक रूपमा लागू गर्नु पर्ने अडानमा छ।

...टुक गेपले जेण्डर समानतामा जोड दिंदै सकारात्मक परिवर्तनको लागि सामाजिक संवादको प्रक्रियामा महत्त्व दिएको छ । आइएलओको मर्यादित कामको अवधारणाबारे चर्चा गर्दै कामको अधिकार संबन्धी आधारभूत सिद्धान्त, महिला पुरुष दुवैलाई व्यापक रोजगारीको अवसर हुनुपर्ने, सामाजिक सुरक्षा र सामाजिक संवाद प्रवर्द्धन गर्नुपर्नेमा ...




## १० वर्ष अघिको श्रमिक खबरबाट

मलको भाउ घटाउ भनेर किन भनिंदैन? पूँजीपतिको नाफामा एक पैसा घट्न नहुने ठूला व्यापारीहरूको नाफामा एक पैसा घट्न नहुने, सरकारी आम्दानी बढ्नै पर्ने। सामन्तको कमाइमा कति पनि घट्न नहुने, कामदारको ज्यालामा चाहिं घटे पनि हुने? यही हो त प्रजातन्त्र?

संख्या १४, पेज-५, २०४८ असोज


श्रमिक खबर
प्रथम महाधिवेशन फागुन ७ गते हुने




**पाठक प्रतिक्रिया**



श्रमिकहरूले जान्नु पर्ने श्रमको महत्त्वबारे, विभिन्न क्षेत्रका काम गर्ने श्रमिकहरूबारे, श्रम शोषणबारे, श्रम सम्बन्धी समस्याबारे, श्रम विवादबारे स्पष्ट हुनु पर्ने जरुरी कुराहरू उल्लेख गरिएको छ। यसका साथै श्रमिकखवरमा समसामयिक राजनीतिक र सामाजिक समस्याबारे पनि उल्लेख गरिएको छ। श्रमिक खवर श्रमिकहरूको लागि धेरै उपयोगी छ। यो प्रत्येक महिना नै हेर्न पाए हुन्थ्यो।

-नन्द कुमारी ढकाल,
नेस्वटेगामयू

# यो अभियान किन?

श्रम क्षेत्रमा रहेको असमानता अन्त्य गर्न सरकारले उत्कृष्ट रोजगारदाता (मोडल ईम्प्लवायर) को भूमिका निर्वाह गर्नु पर्ने हो। तर विडम्बना बहुदलीय व्यवस्था स्थापना पछिको दश वर्षमा श्रम क्षेत्रलाई नियमित र व्यवस्थित गर्न गरिएका थुप्रै सकारात्मक कदमलाई समेत ओझेलमा पार्ने गरी श्रमिक वर्गको अधिकार कटौती गर्ने अन्यन्तै आपत्तिजनक र खेदपूर्ण कार्य सरकारी तहबाट हुन गएको छ। यसको ताजा उदाहरणको रुपमा आवश्यक सेवा




सञ्चालन ऐन-२०१४ को पटक पटकको दुरुपयोगलाई लिन सकिन्छ। कुनै पनि सरकारले चाहँदैमा जथाभावी, जुनसुकै सेवालाई पनि आवश्यक सेवामा संलग्न गर्न हुँदैन र सक्दैन। तर विडम्बना, अहिले यस्तै हुन गएको छ। सरकारले मजदुरहरुको सामूहिक सौदावाजीको क्रममा उपयोग गर्ने एउटा "अस्त्र" हडतालमाथि प्रतिबन्धित गर्ने तर व्यवसायिको यस्तै "अस्त्र"-तालाबन्दी गर्नेलाई चाहिं अंकुश नलगाउने जस्तो "समानता" सम्बन्धी राज्यको निर्देशक सिद्धान्तको समेत गंभीर उल्लंघन गरिरहेको छ।

यति मात्र नभई सरकारले अन्तरराष्ट्रिय श्रम मापदण्डहरुको (खास गरी आइ एल ओ का ८ मौलिक मानवाधिकार र अभिसन्धिहरु र त्रिपक्षीय परामर्श सम्बन्धी अभिसन्धि १४४) उल्लंघन गरेको छ।

त्यसैले आवश्यक सेवा संचालन ऐनको दुरुपयोगबाट सबै क्षेत्रका श्रमिकहरुको मौलिक अधिकार सुरक्षित गर्न यो अभियान शुरु गरिएको हो ।

# हार्दिक श्रद्धाञ्जली क. इकवाल मजुमदार



बंगलादेश राजनीतिमा अपराधिकरण भएको देश मध्ये एक हो । यस्तै अपराधपूर्ण कार्यमा संलग्न पूंजीपतीका एजेन्टहरूले कमरेड इकवाल मजुमदारको अगस्ट ३, २००१ का दिन आफ्नो कार्यालयवाट घर फर्कदै गर्दा बाटोमा गोली हानी हत्या गरेका छन्। मजुमदार श्रमिक वर्गको अधिकार र मुक्तिका लागि लड्ने एक जना वंगलादेशी योद्धा हुन्। उनले आफ्नो जीवनको महत्वपुर्ण भाग श्रमिक आन्दोलनको लागि समर्पण गर्दै सामन्ती र पुजिवादी शोषणको विरुद्ध निरन्तर जुझ्दै आए । क. मजुमदार बंगलादेशको मजदुर नेता मात्र नभएर जिफण्टको पुरानो सहयोद्धा पनि हुन्। क. मजुमदार १९९० देखि १९९४ सम्म स्वतन्त्र ट्रेड यूनियनहरू नेटवर्क एपिडव्लुएसएलको दक्षिण एसियाली-संयोजकको रूपमा कार्यरत थिए र उनको हत्या हुदासम्म पनि एपिडव्लुएसएल बंगलादेशको राष्ट्रिय संयोजकको रूपमा कार्यरत थिए । उनी बंगलादेश जातियो श्रमिक फेडेरेसनको महासचिव र श्रमिक गणतान्त्रिक पार्टीका महासचिव पनि थिए ।


जिफण्टले कमरेड मुजुमदारको कायरतापुर्ण हत्या प्रति घृणा व्यक्त गर्दै उनी प्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गरेको छ । बंगलादेशी श्रमिकहरूप्रति ऐक्यवद्धता व्यक्त गर्दै दोषी माथि कडा कार्वाही को लागि वंगलादेशको राजदुतावासमा अगस्त ५, २००१ मा एक पत्र समेत पठाएको छ ।

# श्रम ऐन कार्यान्वयन नगर्ने प्रतिष्ठानहरू

- विष्णु रिमाल

दश वर्ष अघि श्रम ऐन निर्माण भए यता यूनियन आन्दोलनको एक मात्र माग "श्रम कानूनहरू व्यवहारमा लागू गरियोस्" भन्ने रह्यो। यस अवधिमा नीति निर्माणका तहमा भएका सकारात्मक निर्णयहरू समेत कार्यान्वयनको अभावमा प्रभावहिन बन्न पुगे।

अर्कातिर व्यवस्थापन पक्षले कानून कार्यान्वयन नगरेको भन्ने यूनियनको दावीलाई कुटनीतिक ढंगले चुनौती दिँदै आयो। "कहाँ, के के बुँदा लागू भएनन् क्लियर गर्न पर्‍यो भन्ने" उद्योग व्यवसाय जगतका नेताहरूको भनाइ रह्यो। राष्ट्रिय स्तरमा ठोस निष्कर्ष निकाल्न प्रतिष्ठानहरूमा भइरहेको श्रम कानूनको कार्यान्वयन को यथार्थ तस्बीर नमुना सर्वेक्षणद्वारा रूपमा भए पनि राख्नु जरुरी भयो । यही आवश्यकतालाई ध्यानमा राखी नेपाल ट्रेड यूनियन महासंघले श्रम कानून कार्यान्वयनको अवस्था पत्ता लगाउन गरेको सर्वेक्षण प्रतिवेदन हालै प्रकाशित गरिएको छ । प्रतिवेदनमा विभिन्न तालिका र एक दर्जन जति ग्राफ समेत संलग्न गरिएको छ ।




यसका अतिरिक्त मे दिवस २००१ का दिन नेपाल ट्रेड यूनियन महासंघले "यो वर्ष न्यूनतम श्रम मापदण्ड पूरा नगर्ने उद्योगहरूको कालो सूची प्रकाशन गरिनेछ र श्रम कानून लागू गर्न दवाव दिइनेछ।" भनी घोषणा गरे अनुसार नकारात्मक प्रवृत्तिको निम्न अनुसारको लेखाजोखा पनि गरेको छ।

**१. आधारभूत मापदण्ड उल्लंघन गर्ने प्रतिष्ठानहरू**

सर्वेक्षणमा समावेश गरिएका ३५ विषय मध्ये १३ वटालाई आधारभूत विषयको रूपमा छनौट गरियो। ती बुँदाहरू निम्न अनुसार छन्-

- नियुक्ति पत्र
- २४० दिन काम गरेपछि स्थायी गर्ने
- संचयकोषको व्यवस्था
- न्यूनतम पारिश्रमिक लागू गर्ने
- कार्य समय निर्धारण
- साप्ताहिक, सार्वजनिक, किया, घर, बिरामी र प्रसुती बिदा दिने
- प्रतिष्ठानमा सामूहिक माग राख्ने
- यूनियनमा संलग्न श्रमिकलाई कार्वाही गरिएको

सर्वेक्षण गरिएका ७५० प्रतिष्ठानमध्ये ४६ प्रतिष्ठानहरुमा यी आधारभूत अधिकार उपलब्ध छैनन्। ४६ मध्ये ५५.६ प्रतिशत प्रतिष्ठान बागमतीका छन्। बाँकी ३१.१ प्रतिशत जनकपुर, ११.१ प्रतिशत सगरमाथा र २.२ प्रतिशत नारायणी अंचलका छन्। विषयगत हिसाबले २४ प्रतिष्ठान अर्थात् ५२.१ प्रतिशत प्रतिष्ठानहरु कार्पेट उद्योगमा छन्। म्यानुफ्याक्चरिङ र अन्य ३०.५ प्रतिशत, खाद्यपेय क्षेत्रका १०.१ प्रतिशत र यातायातसंग सम्बन्धित ६.५ प्रतिशत उद्योग छन्।

**२. नियुक्ति पत्र नदिने, २४० दिन पछि स्थायी नगर्नेहरू**

काममा प्रवेश गर्दा श्रम ऐन-२०४८ अनुसार सेवा शर्त तोकेर नियुक्ति पत्र दिनु पर्छ, कुनै पनि प्रतिष्ठानमा २४० दिन सेवा गरेका श्रमिकलाई स्थायी गरिनु पर्छ।

सर्वेक्षणले भन्छ ७५० मध्ये ४४० वटा (५८.६० प्रतिशत) प्रतिष्ठानले कानूनको यो दफा लागू गरेका छैनन्। यस्तो प्रतिष्ठान मध्ये बागमती अंचलमा ६२.७३ प्रतिशत (२७६ वटा) छन्। त्यसपछि नारायणीमा १३.६४ प्रतिशत (६० वटा) छन्।

विषयगत रूपमा सबैभन्दा धेरै कार्पेट क्षेत्रका २९.५५ प्रतिशत (१३० वटा) प्रतिष्ठानहरू यो दफा लागू नगर्नेमा पर्छन्। दोस्रो नम्बरमा टेक्सटायल गार्मेन्टसंग सम्बन्धित उद्योग छन्। यहाँ १५.९१ प्रतिशत (७० वटा) प्रतिष्ठानहरू छन्।

**३. न्यूनतम मापदण्ड पूरा नगर्ने प्रतिष्ठान**

आधारभूत मापदण्ड भित्र पनि कार्यघण्टा, ज्याला र ओटी जस्ता विषयलाई न्यूनतम मान्न सकिन्छ। यसरी न्यूनतम मापदण्ड भित्रै सरकारद्वारा तोकिएको न्यूनतम पारिश्रमिक लागू गर्ने, कार्य समय निर्धारण गर्ने, बिदाको दिनमा र ८ घन्टा भन्दा बढी समय काममा लगाउँदा ओटी दिने र ओटी तलबको डेढी दिनु पर्ने विषय पर्छन्। नेपालमा २०२२ सालदेखि नै न्यूनतम पारिश्रमिक तय गरिदै आएको छ र हालका वर्षमा त्रिपक्षीय समितिबाट न्यूनतम पारिश्रमिक निर्धारण गरिन्छ। ८ घन्टा भन्दा बढी समय काम गराउँदा ओटी दिनु पर्ने र ओटी तोकिएको पारिश्रमिकको डेढी हुनु पर्ने श्रम कानूनबाटै नियमित गरिएको छ।

तर सर्वेक्षण गरिएका मध्ये १६.२७ प्रतिशत प्रतिष्ठानमा यी ४ वटै न्यूनतम मापदण्ड लागू गरिएको छैन। यी प्रतिष्ठानमध्ये ५८.२० प्रतिशत बागमतीमा छन्। जनकपुर र नारायणीमा क्रमशः १३.११ प्रतिशत र ९.८४ प्रतिशत छन्।

विभिन्न उद्योगमा न्यूनतम मापदण्ड लागू नगर्ने प्रतिष्ठान मध्ये ४७ .५४ प्रतिशत कार्पेट क्षेत्रमा छन्। यातायात, मेनुफ्याक्चरिङ उद्योग र होटेल क्षेत्रमा क्रमशः १३.११ प्रतिशत र १२.३० प्रतिशत यस्ता प्रतिष्ठान छन्।

**४. कुनै पनि बिदा नदिने प्रतिष्ठान**

सर्वेक्षण गरिएका कूल प्रतिष्ठानको २४.१३ प्रतिशत प्रतिष्ठानमा प्रश्नमा सोधिएको ( साप्ताहिक, सार्वजनिक, क्रिया, घर, बिरामी र प्रसुती) कुनै पनि बिदा दिइदैन। यस्ता १८१ वटा प्रतिष्ठानको ६७.९६ प्रतिशत बागमती अंचलमा नै छन्। बागमती पछि नारायणी (१२.१५ प्रतिशत) र जनकपुर (११.०५ प्रतिशत ) अंचल आउँछन्।

कार्पेट क्षेत्र सबै मामिलामा अनुदार देखिएको छ। कुनै पनि बिदा नदिने प्रतिष्ठान मध्ये ४८.६२ प्रतिशत कार्पेट क्षेत्रमा नै छन्। अन्य क्षेत्रमा यस्ता प्रतिष्ठान १५ प्रतिशत भन्दा कम छन्।

**५. ट्रेड यूनियन अधिकार माथि अंकुश लगाउनेहरू**

ट्रेड यूनियन अधिकार छ कि छैन आंकलन गर्न ५ वटा प्रश्नको सहारा लिइएको थियो। यी प्रश्नहरु- प्रतिष्ठानमा माग राख्न सकिने अवस्था, सामूहिक सौदाबाजी गर्दा व्यवस्थापनबाट हुने बाधा, संझौता र सरकारी निर्णय कार्यान्वयनको स्थिति, ट्रेड यूनियन गठनमा व्यवस्थापनले उत्पन्न गर्ने बाधा र यूनियन गतिविधिमा संलग्न हुनेमाथि गरिने कार्वाही संग सम्बन्धित थिए।

सर्वेक्षणमा परेका कूल ७५० प्रतिष्ठान मध्ये ११३ वटा प्रतिष्ठानहरु यस्ता अधिकार माथि अंकुश लगाउने देखिए। यो संख्या सिंगो संख्याको १५ प्रतिशत हो । यी प्रतिष्ठान मध्ये बागमतीका ५५ प्रतिशत प्रतिष्ठानले ट्रेड यूनियन अधिकार माथि अंकुश लगाउँछन् । बागमती पछि जनकपुरका १३ प्रतिशत, नारायणीका १२ प्रतिशत, लुम्बिनीका ८ प्रतिशत र सगरमाथाका ७ प्रतिशत प्रतिष्ठानले यूनियन अधिकारका अंकुश लगाउँछन् ।




यस्ता प्रतिष्ठानहरुमा कार्पेट क्षेत्रका सबैभन्दा धेरै (३० प्रतिशत) र सबैभन्दा कम प्रेश र अटोमेकानिकल क्षेत्रमा (१ प्रतिशत भन्दा कम) छन् । टेक्सटायल-गार्मेण्ट र मेनुफ्याक्चरिङ तथा अन्य उद्योगको स्थिति उस्तै देखिन्छ । यहाँ १७ प्रतिशतको हाराहारीमा यस्ता मजदुर अधिकार विरोधी प्रतिष्ठान छन् ।

**६. स्वास्थ्य सुरक्षाको कुनै पनि व्यवस्था नगर्ने प्रतिष्ठान**

स्वास्थ्य परीक्षण गर्ने, बिरामी हुँदा औषधि उपचारको व्यवस्था गर्ने, क्षतिपूर्तिको व्यवस्था गर्ने, प्राथमिक उपचारको व्यवस्था, दुर्घटना वा चोटपटक लाग्दा औधोपचार/क्षतिपूर्तिको व्यवस्था गर्ने, दुर्घटना र जीवन बीमा "छ-छैन" जस्ता ६ वटा प्रश्नहरू सर्वेक्षणको क्रममा सोधिएका थिए। यस्ता कुनै पनि व्यवस्था नगर्ने प्रतिष्ठान पनि होलान् र? भन्ने धेरैलाई लाग्न सक्छ। तर २४.५३ प्रतिशत प्रतिष्ठानमा यस्ता कुनै पनि सुविधा छैनन् र ६९.५७ प्रतिशत यस्ता प्रतिष्ठान बागमतीमा छन्। त्यसमध्ये पनि ५१.०९ प्रतिशत यस्ता प्रतिष्ठानहरू कार्पेट क्षेत्रमा नै छन्।

# २०५७ सालमा ट्रेड यूनियन र श्रम विवाद

-विष्णु रिमाल-



**यूनियन दर्ता, खारेजी र क्रियाशीलता**

प्रतिष्ठान तहमा यूनियनहरूको दर्ता संख्या यही २०५७ चैत मसान्त सम्म २०५४ पुगेको छ। यो संख्यामा ४७.१३ प्रतिशत नेपाल ट्रेड यूनियन महासंघ, ३४.७१ प्रतिशत नेपाल ट्रेड यूनियन कांग्रेस र अन्य यूनियनहरू १८.१६ प्रतिशत रहेका छन्। २०५६ सालको तुलनामा २०५७ सालमा प्रतिष्ठान स्तरीय यूनियनको संख्या ११.२६ प्रतिशतले वृद्धि भएको छ। यूनियनहरूमा जिफन्टको ११.६५ प्रतिशत, एनटीयूसीको ९.६९ प्रतिशत र अन्य यूनियनहरूको दर्ता १६.१२ प्रतिशतले वृद्धि भएको देखिन्छ।


प्रतिष्ठान स्तरीय यूनियन मध्ये नेपाल प्रजातान्त्रिक ट्रेड यूनियन महासंघ (डिकोन्ट) संग आबद्ध यूनियनहरूको संख्या साह्रै सानो छ। श्रम कार्यालयहरूको अभिलेखमा दर्ज भए अनुसार हालसम्म डिकोन्टका ५९ वटा मात्र यूनियन दर्ता छन्। झापा, जनकपुर, पोखरा, बुटवल, नेपालगंज र धनगढीमा एउटै पनि यूनियन छैनन्। दर्ता भएका यूनियन मध्ये ३१ वटा २०५७ चैत मसान्त सम्ममा खारेज भइसकेका छन्।

दर्ताको वृद्धिसंगै खारेजीको क्रम पनि जारी छ। ट्रेड यूनियन ऐन ०४९ अनुसार प्रत्येक २/२ वर्षमा यूनियन नवीकरण हुने व्यवस्था छ। यो वर्ष कूल दर्ता यूनियनको १२.६१ प्रतिशत यूनियनहरू खारेज भएको श्रम कार्यालयको तथ्यांकमा देखिन्छ। खारेज यूनियन मध्ये कूल संख्यामा जिफन्टको ५.६० प्रतिशत, एनटीयूसीको ४.०४ प्रतिशत र अन्य यूनियनहरू २.९७ प्रतिशत छन्। खारेज यूनियनहरू आफ्नै दर्ता यूनियनको तुलनामा जिफन्टको ११.८८ प्रतिशत एनटीयूसीको ११.६४ प्रतिशत, डिकोण्टको ५२.५४ प्रतिशत र अन्य ५५ प्रतिशत छन्।

दर्ता यूनियन मध्ये क्रियाशील यूनियन ८७.३९ प्रतिशत छन्। क्रियाशील यूनियन मध्ये ४७.५२ प्रतिशत जिफन्ट संग, ३५.१० प्रतिशत एनटीयूसीसंग, १.५६ प्रतिशत डिकोन्टसंग र १५.८२ प्रतिशत अन्य संघसंग आबद्ध यूनियन छन्।


**श्रम विवाद**

२०५७ मा मूल रूपमा २ वटा प्रमुख घटना श्रम बजारमा भयो। पहिलो साउन २ गते सरकारले कमैया मुक्तिको घोषणा



गऱ्यो। यो घोषणासंगै जमिन्दारको बुकुराबाट शिवीरमा कमैयाहरू ओइरिए। कंचनपुर, कैलाली, वर्दिया र बाँकेका शिवीरमा पुनर्वासको प्रतीक्षामा हजारौं कमैया आजसम्म प्रतीक्षारत छन्। दोस्रो, १० प्रतिशत सेवा शुल्क प्राप्तिको लागि होटल मजदुरहरूको आन्दोलन थियो। यो आन्दोलन देश-विदेशमा नै चर्चित रह्यो। पुनरावेदन अदालतमा भएको विजय पछि यो आन्दोलन अहिले सर्वोच्च अदालतको निर्णय पर्खिरहेको छ।

यो वर्ष होटल सहित ११ सेवामा आवश्यक सेवा संचालन ऐन लादियो। यसले श्रमिकहरूको मौलिक अधिकारलाई कुण्ठित पारेको छ।





स्थानीय तहमा १० वटा अंचल कार्यालयमा गरी ८७७ वटा श्रम विवाद दर्ता गरिएका छन्। यी विवादहरू श्रम ऐनको दफाहरू ४ (क) (गैर नेपाली काममा नलगाउने), ११ (ले अफमा राख्ने), १२ (मजदुर कटौती), २५ (तलब सुविधा नपाएकोमा उजुरी), ५२ (कामदारलाई खराब आचरणमा कार्वाही) ५५ ( व्यवस्थापनको खराब आचारण), ७३ (व्यक्तिगत दावी उजुरी), ७४ (सामूहिक माग दावी) र ७६ (हडतालको सूचना दिने) अन्तर्गत दर्ता गरिएका छन्।


श्रम कार्यालयको तथ्यांक अनुसार सबैभन्दा बढी (४२.४२ प्रतिशत) विवाद वीरगंज श्रम कार्यालयको क्षेत्राधिकार भित्र भएको छ। काठमाडौं दोस्रोमा छ, यहाँ १९.५० प्रतिशत श्रम विवाद दर्ता भएका छन्। बिराटनगर तेस्रो नम्बरमा आउँछ। बिराटनगरमा कूल विवादको १५.५१ प्रतिशत विवाद दर्ताका छन्।

स्थान अनुसार विवादको प्रकृति पनि फरक फरक रहेको छ। बीरगंजमा सबैभन्दा धेरै विवाद गैर नेपालीलाई काममा नलाइयोस् भन्ने देखिन्छ। त्यसपछि विभिन्न व्यक्तिगत दावी र खराब आचरणमा गरेको कारवाही संग सम्बन्धित छ। तलब सुविधा सम्बन्धी विवाद सबैभन्दा बढी काठमाडौंमा छ। सामूहिक माग दावी पनि सबैभन्दा बढी यहीं नै छ। हडताल सम्बन्धी विवाद सबैभन्दा बढी वीरगंज र बुटवलमा रहेको छ। व्यवस्थापन पक्षको खराब आचरण सम्बन्धी विवाद पोखरा श्रम कार्यालयको क्षेत्राधिकारभित्र मात्र भएको छ।

कूल विवादमा सबैभन्दा बढी (३३.६४ प्रतिशत) व्यक्तिगत दावी, त्यसपछि सामूहिक मागदावी ( २४.६३ प्रतिशत), तेस्रो नम्बरमा १५.५१ प्रतिशत दफा ४ (क)- रहेको छ। ११ प्रतिशत दफा २५ र ५२ अन्तर्गतका विवाद भएका छन्।




प्रस्तुत तालिकाले समग्र क्षेत्रको चित्र पेश गरेको छ। यसले संकेत गरेको छ, वीरगंज - काठमाडौं - बिराटनगर जस्ता क्षेत्रमा आन्दोलन कानूनी ट्र्याकमा छ। तर धेरै चर्चामा आइरहने हेटौंडा क्षेत्रमा कम संख्यामा विवाद दर्ता छन्। यसको अर्थ हुन्छ, त्यहाँको आन्दोलनले क्रमश: कानूनी ट्र्याक तोड्दैछ।




भूमि प्रकृतिले मानिसलाई दिएको निःशुल्क उपहार हो। जमीन र सबै प्राकृतिक साधनहरू प्रकृतिको निःशुल्क उपहार हुन्। तर आदिम साम्यवादको अन्त्य र दास प्रथाको शुरूवातको चरणमा मुख्यतः तीन खाले सम्पत्तिमा मानिसले निजी स्वामित्वका लागि संघर्ष गऱ्यो- पशुहरू (मासु र दूधका लागि), दासहरू (अरुलाई दबाएर आफू बसी बसी हुकुम चलाएर खानका लागि) र भूमि (अन्न तथा अरु कृषि वस्तुका लागि)। यी तीन सम्पत्तिमा सबैभन्दा महत्त्वपूर्ण, प्रतिफल बढी दिने तथा समाजमा हैकम, प्रभुता र प्रतिष्ठा बढाउने आधार भूमि नै बन्यो। भूमिमा स्वामित्व नभए दास र पशुको समेत उपयोगिता कम हुने अवस्था थियो।

**भूमिसुधार किन?**

भूमिमाथि एकाधिकारका प्रयत्नहरूले नै राज्य व्यवस्थालाई आकार दिए, स्वरूप दिए। भूमिमाथि एकाधिकार र भूमिको आधारमा मानिसको निर्मम शोषणले सामन्तवादी युगमा झन् परिपक्वता पायो। त्यसैले सामन्तवादको अन्त्य गरी समाजको आधुनिकीकरण गर्न भूमिव्यवस्था प्रणाली र स्वामित्वको संरचनामा सुधार गर्नु अनिवार्य हुन्छ भन्ने कुरा इतिहासले सावित गरेको छ। भूमिसुधारका तीन मूलभूत लक्षहरू छन् :

- भूमिको न्यायोचित वितरण
- भूमिको अधिकतम र सन्तुलित उपयोग
- भूमि र श्रमको उत्पादकत्व अभिवृद्धि


यी तीन मूल पक्षहरूलाई कार्यान्वयन गरेर नै ग्रामीण समाजको शक्ति संरचनालाई परिवर्तन गर्न सकिन्छ। भूमिसंग गाँसिएको सत्ता र शक्तिको ढाँचालाई परिवर्तन नगरे गरिबी हटाउने र सामाजिक न्याय स्थापित गर्ने कुरा कोरा गफ मात्र बन्न पुग्छ।

**कार्यान्वयन पक्ष**

भूमिसुधारको कार्यान्वयन सजिलो छैन। इतिहासले देखाउँछ- बलपूर्वक गरिएको भूमिसुधार प्रभावकारी बनेको छ, सुस्त गतिले लोकतान्त्रिक ढंगले गरिएको भूमिसुधार आंशिक सफल मात्र सावित भएको छ। दोस्रो विश्वयुद्ध पछि भूमिसुधारको श्रृंखला नै चलेको थियो। सोवियत संघ, जापान, चीन, ताइवान, दक्षिण कोरिया, उत्तर कोरिया, इराक, इजिप्ट, क्युबा, सिरिया, अल्जेरिया, निकारागुआ, इरान जस्ता मुलुकहरूले बलपूर्वक भूमिसुधार लागू गरेर सफलता प्राप्त गरे। सुस्त गतिले लामो प्रजातान्त्रिक प्रक्रिया पूरा गरेर भूमिसुधार लागू गर्ने देशमा भारत, श्रीलंका, चिली, ब्राजिल आदिले आंशिक सफलता पाएको देखिन्छ। लागू गरेको भनिए पनि धेरैजसो मुलुकहरूमा भूमिको पुनर्वितरण होइन, शब्दहरूको पुनर्वितरण मात्र भएको छ।

१९८० पछि उदारीकरणको नाममा जेजस्ता आर्थिक नीतिहरू विश्वव्यापी किसिमले अघि बढाइयो, ती नीतिहरूले

# प्रधानमन्त्रीको विशेष घोषणा




नेपाली समाजको विद्यमान जडतालाई तोड्न राजनीतिक, आर्थिक र सामाजिक परिवर्तनको लागि १ दिन अघि नेकपा एमालेसंग भएको सहमति अनुरूप प्रधानमन्त्री शेरबहादुर देउवा २०५८ साउन ३२ गते प्रतिनिधि सभामा विशेष घोषणा गर्न बाध्य हुनुभयो। प्रस्तुत छ प्रधानमन्त्रीको विशेष घोषणाको सारसंक्षेप-

(१) २०१५ सालको बीपी कोइरालाले नेतृत्व गर्नुभएको सरकारको पालामा थालिएका कार्यहरू र लिइएका कतिपय ऐतिहासिक निर्णयहरूको थप कार्यान्वयनको क्रमलाई अघिबढाउँदै हाल विद्यमान जमीनको हदबन्दी घटाउने लगायतका नयाँ आवश्यकता र औचित्यसहितको परिवर्तनकारी भूमिसुधार कार्यक्रम तत्काल लागू गर्ने निर्णय गरिएको छ। यसबाट भूमिहीन, गरीब र आर्थिक दृष्टिकोणले एकदमै पछाडि परेका जनतालाई जग्गा उपलब्ध गराउने व्यवस्थाका साथै भूमिपतिको श्रम, सीप र पूँजीलाई समेत उत्पादनशील कार्यमा प्रयोग गरी समतामूलक समाजको निर्माण र राष्ट्रको समृद्धि बढाउने अभियानलाई बल पुग्ने विश्वास लिएको छ।

यसै प्रयोजनलाई व्यवस्थित पार्न र आवश्यक सबै पूर्वाधार पूरा गर्न नेपाल अधिराज्यभर जग्गा जमीनको बेचबिखन गर्न, नामसारी गर्न आजैका मितिदेखि कानून नबनुञ्जेल सम्मका लागि पूरै रोक लगाउने निर्णय श्री ५ को सरकारले गरेको कुरा सम्माननीय सभामुख मार्फत यस सदनलाई जानकारी गराउँछु।

(२) मानवीय भेदभावको गलत परिपाटी एवं कलंकका रूपमा रहेको छुवाछुतलाई व्यवहारिक रूपमा नै तत्काल समाप्त पार्न विभिन्न मठ-मन्दिर, धार्मिक पूजास्थलहरू लगायतका सबै प्रकारका सार्वजनिक ठाउँहरूको प्रवेशमा कसैले पनि कुनै प्रकारको अवरोध गर्न नपाउने निर्णय श्री ५ को सरकारले गरेको छ। सामाजिक विभेद र छुवाछुत प्रथालाई निरन्तरता दिने कार्यलाई आजैका मितिदेखि कडा दण्डनीय अपराध सरह मानी कारवाही गर्ने व्यवस्था मिलाइएको छ।

(३) संसद्को चालू अधिवेशनबाटै महिलाहरूको सम्पत्तिमा अधिकार स्थापित गराउने विधेयकलाई यथाशीघ्र पारित गराउन अग्रसरता लिनेछु। साथै विभिन्न सन्दर्भहरूमा विद्यमान रहेको महिला र पुरुषहरूका बीच विभेद उत्पन्न गर्ने व्यवस्थालाई शीघ्र हटाउन पनि आवश्यक कानूनको तर्जुमा गर्ने निर्णय लिइएको छ। महिला हक हितको दीर्घकालीन संरक्षण र सम्बर्द्धनका लागि स्थायी रूपमा कार्य गर्न राष्ट्रिय महिला आयोग गठन गरिने निर्णय गरिएको जानकारी गराउन चाहन्छु।

भूमिसुधारलाई राष्ट्रहरूको एजेण्डाबाट मेट्न थाले। तर आर्थिक समायोजन कार्यक्रमको नामबाट शुरू भई विश्वव्यापीकरण भन्ने नामसम्म आइपुग्दा उदारीकरणबाट विश्वमा गरिबी र शोषणको झन् ठूलो खाडल बनेको छ। बेरोजगारी, गरिबी र शोषणको चपेटाले अपराध र असुरक्षा बढाएको छ - सम्पन्न मानिएका अमेरिका र पश्चिम युरोपमा समेत असुरक्षाको वातावरण व्याप्त छ। त्यसैले विद्रोहका ध्वंसकारी आँधीबाट बच्न र अपराध तथा असुरक्षाबाट जोगिन फेरि गरिबी हटाउने कार्यक्रमहरूमा विश्वबैंक देखि संयुक्त राष्ट्र संघ सम्म केन्द्रीत हुन थालेका छन्। त्यसैले अअल्पविकसित मुलुकहरूमा भूमिसुधार ताजा विषय बन्न लागेको छ।

**हाम्रो देशको सन्दर्भ**

नेपालमा भूमिसुधार आमूल परिवर्तनकारी ढंगले कहिल्यै लागू हुन सकेन। भूमि सम्पत्तिको आधारमा हैकम चलाउनेहरू, मालिक्याइ चलाउनेहरू नै देशको सत्ता संचालनमा प्रभावशाली रहे। भूमिसुधारका विरोधीहरू नै भूमिसुधार लागू गराउने जिम्मेवारीमा रहेको अवस्था थियो। तापनि समय क्रममा कतिपय गतिशील कदमहरू चालिए। राजा रजौटा उन्मूलन, उखडा उन्मूलन, बिर्ता उन्मूलन, जमिन्दारी प्रथाको समाप्ति जस्ता कामहरू ००७ सालको राजनीतिक परिवर्तनका परिणामको रूपमा आए।

जमीनको पुनर्वितरण र भूमिसुधारको काम २०१५ सालमा बनेको नेपाली कांग्रेसको सरकारले शुरू गर्न खोजे पनि कुनै उल्लेखनीय काम गर्न सकेन। २०१७ मा संसदीय प्रणालीलाई घोक्रेठ्याक लगाएर राजतन्त्र निरंकुश भयो। निरंकुश राजतन्त्रले २०२१ मा भूमिसुधार लागू गऱ्यो। यसले साना जमिन्दारहरूलाई मात्र ठेगान लगायो र ठूलो जमिन्दारको रौं नहल्लाई सिंगो दशक पार गऱ्यो। सिद्धान्तत निकै परिवर्तनकारी किसिमबाट आए पनि

व्यवहारमा त्यस्तो भएन। अनिवार्य बचतको व्यवस्थाद्वारा स्रोत परिचालन र लगानी बढाउने राम्रो प्रावधान भए पनि त्यसको चरम दुरूपयोग भयो, नियन्त्रण हुन सकेन। मोहीयानी हकको सुरक्षाका लागि आएको द्वैध स्वामित्व प्रणालीले भूमिको उत्पादकत्व र कृषिमा लगानीलाई उल्टो असर पार्‍यो। हदबन्दी भन्दा माथि रहेको जमीन ज्यादै कम मात्र प्राप्त हुनसक्यो, लगभग ४८ हजार बिगाहा मात्र। वितरण पनि झण्डै २१,६०० परिवारमा मात्र हुनसक्यो। तर पाउनु पर्ने भूमिहीनहरूले पाउन सकेनन्।

मोहियानी हकको संरक्षण गर्ने काममा भने यो कार्यक्रम निकै प्रभावकारी रह्‍यो। सारमा तत्कालीन प्रशासनिक संयन्त्र र सामाजिक आर्थिक अवस्थालाई हेर्दा २०२१ को भूमिसुधार महत्त्वपूर्ण छ।

२०५४ को नयाँ भूमि सम्बन्धी ऐनले मोही र जग्गाधनीको बीचमा जमीन आधा आधा हुने गरी द्वैध स्वामित्व प्रणालीको अन्त्य गर्‍यो। यद्यपि यसलाई व्यवहारमा लागू गरी सक्न केही समय

(४) मुलुकमा विद्यमान आर्थिक, सामाजिक कारणबाट पछाडि परेको विभिन्न आदिवासी तथा जातजातिहरूको धर्म, संस्कृति एवं भाषाको उत्थान तथा विकासका लागि सम्बद्ध सबै क्षेत्रसंग छलफल गरी संसदको यसै अधिवेशनबाट प्रभावकारी तथा अधिकार सम्पन्न प्रतिष्ठान स्थापना गर्ने पनि श्री ५ को सरकारले निर्णय जानकारी गराउन चाहन्छु।

(५) समतामूलक समाजको स्थापना गर्न शताब्दीयौंदेखि सामाजिक-आर्थिक र राजनीतिक अधिकार तथा अवसरहरूबाट वञ्चित भएका महिला, दलित, जनजाति एवं आदिवासीहरूलाई शिक्षा एवं रोजगारीका लागि विशेष संरक्षण र अवसर दिन आगामी २५ वर्षसम्म सञ्चालन हुने सामाजिक-आर्थिक रूपान्तरणको एउटा विशेष कार्ययोजना पनि यसै अधिवेशनमा घोषणा गर्ने श्री ५ को सरकारले निर्णय जानकारी गराउन चाहन्छु।

(६) भ्रष्टाचारलाई कडा दण्डनीय अपराध बनाउन विद्यमान सबै कानूनहरूको पुनरावलोकन गर्ने, अवैध एवं गैरकानूनी रूपमा भ्रष्टाचार गरी आर्जन गरेको सम्पत्तिलाई जफत गरी कडा कारवाही गर्ने थप आवश्यक कानूनी व्यवस्थाको तर्जुमाका लागि समेत श्री ५ को सरकारले निर्णय गरेको छ।

(७) जग्गाविहीन मुक्त कमैयाहरूलाई जग्गा उपलब्ध गराउन र घर निर्माणका लागि राज्यबाट प्रदान गरिने सहयोगलाई अझ तीव्रता प्रदान गर्दै आगामी माघ मसान्त भित्र सो कार्य सम्पन्न गरिसक्ने र वास्तविक सुकुम्बासीहरूको पहिचान गरी भूमिहीनहरूका लागि जग्गा प्रमाणपत्र उपलब्ध गराउने कार्यलाई पनि यसै आर्थिक वर्षभित्र सम्पन्न गर्ने घोषणा गर्न चाहन्छु।

(८) स्वच्छ र निष्पक्ष निर्वाचनका लागि यसै सदनको निर्देशनबमोजिम, गठित निर्वाचन सुधारसम्बन्धी उच्चस्तरीय समितिबाट प्राप्त हुने प्रतिवेदनलाई उपयुक्त कानूनी व्यवस्थाको आधारमा कार्यान्वयन गरिने निर्णय गरेको अनुरोध गर्न चाहन्छु।

## भूमिसुधारको घोषणापछि राजनीतिक पार्टीहरू

प्रधानमन्त्री शेरबहादुर देउवा मार्फत "परिवर्तनकारी भूमिसुधार" को घोषणा गरिएपछि नेपाली समाजको परम्परागत जडतामा एक प्रकारको हलचल शुरू भएको छ। सरकारी घोषणा संगै विभिन्न प्रतिक्रिया सडकमा छरिएका छन्। धेरैजसो पार्टीले भूमिसुधारलाई जग्गाको हदबन्दी तोक्ने विषयसंग मात्रै जोडेका छन्। केही पार्टीले मात्र यसलाई समग्रतामा बुझेका छन्।

तर जे भए पनि अधिकांश पार्टी भित्र रहेका सामन्त र जमिनदारहरूले भने आफ्नो स्वार्थलाई राम्रैसंग खुट्याएका छन्। त्यसैले पार्टीको सीमा नाघेर "भेडा-भेडासंग, बाखा-बाखासंग" को आहानलाई चरितार्थ पार्दैछन्।

नेकपा (एमाले) विगतको निर्वाचन घोषणा पत्रमा उल्लेख भए बमोजिम उच्च स्तरी भूमिसुधार आयोगले सिफारिस गरेको हदबन्दी कायम गर्ने र समग्रतामा आयोगको प्रतिवेदन सृजनात्मक रूपमा लागू गर्नु पर्ने अडानमा छ।

नेपाली कांग्रेस भित्र तीन धार देखिएको छ। पूर्व उपप्रधानमन्त्री रामचन्द्र पौडेलले हदबन्दी ८ बिघा कायम गर्नु पर्ने अडान सार्वजनिक गर्नुभएको छ।

कांग्रेस भित्रको चरम सामन्ती हिस्सा १५ बिघा भन्दा माथि हदबन्दी हुनुपर्ने तर्कमा छ। कांग्रेसको आधिकारिक निर्णय भने घरघडेरी सहित पहाडमा ७५ रोपनी, काठमाडौंमा ५८ रोपनीको हदबन्दी छ।

राप्रपाका सामन्तहरूले धुर्त तरिकाले आफ्नो स्वार्थ ओकेलेका छन्। उनीहरूले भूमिसुधारलाई ओझेलमा पार्न जमीनमा होइन, सम्पत्तिमा हदबन्दी तोक्नु पर्छ भन्दै हल्ला मच्चाइ रहेका छन्।

राप्रपाको षडयन्त्रलाई सदभावनाको जमीनदारहरूले मलजल गरिरहेका छन्। उनीहरू राप्रपाकै हाँ-हाँ मिलाउँदै प्रस्तावित भूमिसुधार मधेसी गरीब जनता विरोधी भएको गलत प्रचारबाजी गरिरहेका छन्। केहीले तराइका जमीनदारको जमीन पहाडे सुकुम्बासीलाइ वितरण गर्न भूमिसुधार गर्न लागेको भन्दै तराई-पहाड साम्प्रदायिकता भड्काउने कुत्सित षड्यन्त्र समेत गरिरहेका छन्। संसदमा रहेका पार्टीहरूमा नेकपा (मसाल) ले एमालेले जस्तै भूमिसुधार हुनुपर्ने विचार सार्वजनिक गरेको छ।

तर वामपक्षीय खेमामा एउटा विचित्रको संयोग पनि रहेको छ। आफूलाई क्रान्तिको "ब्रम्हा-विष्णु-महेश्वर" ठान्ने र प्रधानमन्त्री देउवालाई प्रतिक्रियावादी आहालमा फक्रिएको कमलको फूल भन्ने नेकपा (माओवादी) ले भने त्यही "कमलको फूल" मार्फत घोषणा गरिएको परिवर्तनकारी भूमिसुधारको सन्दर्भमा रहस्यमय मौनता साँधेको छ।

लाग्न सक्छ।

**वर्तमान घोषणा पछि**

हाल प्रधानमन्त्रीबाट सदनमा परिवर्तनकारी भूमिसुधार लागू गर्ने घोषणाका साथ जमीन खरीद बिक्री समेत बन्द गराएकाले नयाँ किसिमबाट हदबन्दी, सारा भूमिहीनहरू बीच वितरण र कृषि क्षेत्रमा व्यापक परिवर्तन एवं सुधारको अपेक्षा गरिएको थियो यो घोष्णाको प्रमुख प्रतिपक्षले सडकमा जुलुस निकाले र समर्थन गरेको थियो। तर नेपानी काँग्रेस भित्रको सामन्तहरूको अगुवाइमा जमीनको हदबन्दी तराइमा ३० विगाह, पहाडमा ७५ रोपनी, काठमाडौं उपत्यकामा ३० रोपनी कायम गर्ने उद्देश्यले सदनमा विधेयक प्रस्तुत गरिएपछि यो घोषणाको औचित्यमाथि प्रश्न चिन्ह लागेको छ। भूमिसुधारलाई केवल हदबन्दी र जमीन जफ्त मात्र गर्ने काम मात्र थिएन। तर ठूलाबडाहरूको स्वार्थी खेलले भूमिसुधारको अर्थ हदबन्दी र जमीन जफत नै हो भन्ने भ्रमपूर्ण मान्यता स्थापित गर्ने खतरा पनि पैदा भएको छ। बुझ्नै पर्ने कुरा के हो भने देशभित्रको सम्पूर्ण जमीन र प्राकृतिक स्रोतहरू राज्यका हुन्। जमीनमाथिको भोग चलनको अधिकार राज्यले दिएर व्यक्तिले पाएका हुन्। जमीनका स्वत: मालिक कोही पनि होइनन्। त्यसो हुँदा राज्यले मालपोत तिर्ने गरी दिएको जमीन फेरि प्राप्त गरेर अर्कोलाई दिने पूरा हक राख्छ। कसरी प्राप्त र वितरण गर्ने कुन तरिकाले हदबन्दी लागू गर्ने, कति क्षतिपूर्ति कसरी दिने वा नदिने जस्ता कुराहरू सहमतिमा आधारित हुनुपर्छ। राज्य कुनै अमूर्त कुरा नभई प्रजातन्त्रमा संसद आधारित र जन आधारित भएकाले भूमिसुधार पनि बहुसंख्यक जनताको भावनामा आधारित हुन्छ, हुनुपर्छ। मर्का पर्ने थोरै संख्याको मर्कालाई न्यून पारेर जाने तरिका सरकार र संसदले खोज्नु पर्छ।

क्रमश: समाप्त हुँदै गएको सामन्ती संरचनालाई समाप्त गर्न र देशको सबैभन्दा ठूलो र धेरैलाई रोजगारी दिने साधन भूमिका बढी भन्दा बढी सदुपयोग गर्न बहुमुखी प्रकृतिको भूमिसुधार आवश्यक छ। उदारीकरणको रूपमा राष्ट्रिय र निजी जीवनमा घुसपैठ गरिरहेको देशको पूँजीवादालाई नियमित र सन्तुलित गर्न भूमिसुधार सबैभन्दा ठूलो तरिका हो। यदि ग्रामीण जीवनलाई भूमिसुधारको माध्यमबाट न्यायोचित वितरण प्रणालीमा लागिएन भने हाम्रो देशको सिंगो ग्रामीण र शहरी जीवनलाई झन् अन्यायपूर्ण र विषम बन्नबाट रोक्ने अरु उपाय छैन।

पूँजीवादले हाम्रो देशमा उत्पादनलाई होइन, उपभोगलाई प्रभावित गरेको छ। ग्रामीण जीवनको तहसम्म उपभोक्तावादी व्यक्तिवादी संस्कारलाई तीव्र गतिले पुर्‍याइरहेको छ। विकृतिहरूको माध्यमबाट समाजको जडतालाई तोडिरहेको छ। सकारात्मक किसिमबाट जडता तोडिने काम गरिएन भने समाज पतनोन्मुख हुँदै जान्छ। उत्पादन र समतामूलक वितरणलाई लत्याएर खाली उपभोग केन्द्रित व्यवहारले समाजलाई पतनतिर धकेल्छ। त्यसैले समाजको जडता तोड्न उत्पादन वृद्धि र न्यायोचित वितरणको बाटोमा नेपाली समाजलाई लग्नु पर्छ। यसो गर्न सबैभन्दा प्रभावकारी माध्यम बहुमुखी प्रकृतिको भूमिसुधार नै हो। किनेभने यसले राष्ट्रिय जीवनका सबै भागलाई छुनेछ र प्रत्येक नेपालीको यथास्थितिवादी मानसिकतालाई हल्लाउनेछ।


विजयादशमी तथा शुभ दीपावली
२०५८ को अवसरमा
सम्पूर्ण श्रमजीवी वर्ग
तथा देशवासीहरुमा
हार्दिक शुभकामना
व्यक्त गर्दछौं ।

**भोजप्रसाद श्रेष्ठ**
**प्रमुख तथा नगरपालिका परिवार, बुटवल**

विजयादशमी तथा शुभ दीपावली
२०५८ को अवसरमा
सम्पूर्ण यातायात मजदुर एवं
देशवासीहरुमा हार्दिक मंगलमय
शुभकामना
व्यक्त गर्दछौं ।

**कुमार थापा**
**अध्यक्ष, यातायात मजदुर भलाइ कोष**
**प्रधान कार्यालय बुटवल परिवार**

# उच्चस्तरीय भूमिसुधार आयोगको प्रतिवेदनमा के छ?

-डा. शिव शर्मा

**विषय प्रवेश**

नेपाली अर्थतन्त्र कृषिमा निर्भर छ। खास गरी नेपालको ग्रामीण जनसंख्या मूलतः कृषि आधारित छन्। तर कृषि जग्गाको प्रयोग र उत्पादकत्व उत्साहवर्धक रहेको छैन। त्यस्तै कृषिमा गुजारा गर्ने ठूलो जनसंख्या जग्गा विहीन अवस्थामा रहेका छन्। उत्पादनको प्रमुख साधनको रूपमा स्थानीय "खेती गर्ने जग्गा" को न्यायोचित वितरणका साथ साथै कृषिमा उत्पादकत्वको उत्साहवर्धक वृद्धि नगरी मुलुकमा विकासको थालनी नै हुन नसक्ने निश्चित छ। यही परिप्रेक्षमा श्री ५ को सरकारले २०५१ सालमा श्री केशव बडालको अध्यक्षतामा एक उच्चस्तरीय भूमिसुधार आयोग गठन गर्‍यो। यसै परिप्रेक्षमा आयोगको प्रतिवेदनमा समाविष्ट गरिएका प्रमुख विषयहरूको तेरिज पाठकहरूको जानकारीको लागि यहाँ प्रस्तुत छ।

**जग्गामा दोहोरो नियन्त्रणको अन्त्य**

जग्गामा स्वामित्व एउटाको तर खनजोत गरी कमाउने अर्कोले गर्नुलाई मोही व्यवस्था भनिन्छ। नेपालमा मोही करीव ५ लाख ६० हजार रहेका छन्। यी मध्ये अत्यधिक मोहीहरूसंग दर्ता निस्सा छैन। माहियानी अन्तर्गत खेती गरिएको जग्गा गरीब ४ लाख हेक्टर छ। मोहीले कमाइ आएको जग्गामा उत्पादकत्व कम छ। जग्गाधनी र मोही बीच उत्पादनको बाँडफाँड हुने तर उत्पादनका लागि प्रयोग गरिने साधनहरू मोही मात्रकै थाप्लोमा पर्ने हुँदा मोहीले उत्साही भएर खेती गर्ने अवस्था छैन। यो परिस्थितिले उत्पादकत्वमा ह्रास ल्याएको छ। अर्कोतर्फ लामो अवधिदेखि कमाएको जग्गामा आश्रित तर स्वामित्वबाट बञ्चित मोहीहरूप्रति सामाजिक न्यायको प्रसंग पनि छ। यी दुवै पक्षको समस्या समाधानका लागि दोहोरो नियन्त्रण व्यवस्थाको अन्त्य गर्नु आवश्यक छ। सोको लागि पहिले गर्नु पर्ने काम भनेको दर्ता नभएका मोहीलाई दर्ता गरी मोहियानीको निस्सा दिनु हो। दर्तावाल तथा वेदर्ताका मोही - समेत संग निस्सा भएपछि मोहियानीका जग्गाको स्वामित्व निर्धारण गरिदिनु पर्दछ। सामाजिक न्याय समेत विचार गरी मोहियानीको जग्गा जग्गाधनी तथा कोही बीच आधी आधी बाँडफाँड हुने व्यवस्थाको सिफारिस आयोगले गरेको छ।

**गुठी जग्गाको व्यवस्था**

धार्मिक तथा सामाजिक प्रयोजनका लागि परम्परादेखि जग्गा छुट्याइ दिने चलन नेपालमा रहेको छ। नेपालमा राज गुठी र निजी गुठी गरी करीब २५०० गुठी छन् र उनीहरूको स्वामित्वमा प्रशस्त मात्रामा खेतीको जग्गा रहेका छन्। गुठीको जग्गाबाट गुठी प्रयोजनका लागि अति नै न्यून आय हुने गरेको छ। साथै यस्तो जग्गामा दोहोरो नियन्त्रणको समस्या समेत विद्यमान छ। यी समस्या समाधानको लागि सम्पूर्ण गुठी जग्गालाई रैकरमा परिवर्तन गरिनु पर्दछ। यसरी स्वामित्व परिवर्तन गर्दा हाल कमाइरहेका मोहीलाई प्राथमिकता दिई न्यून शुल्क लिई दिनुपर्छ। यी धार्मिक तथा सामाजिक कार्यहरूको निरन्तरताका लागि यसरी प्राप्त शुल्कको कोष स्थापना गर्नु पर्दछ। कोषको आम्दानीबाट तत्सम्बन्धी कामहरू संचालन गरिनु पर्दछ। यसै सन्दर्भमा गुठी बाहेकका अन्य भूमि व्यवस्था (जस्तै विर्ता) लाई पनि रैकर प्रणालीमा परिवर्तन गरिनु पर्दछ।

**हदबन्दी व्यवस्था**

अरु जग्गाजमीन जस्तै खेतीको जग्गा पनि प्राकृतिक स्रोत साधन हो र यसको उत्तम प्रयोग र न्यायोचित वितरण राज्यको चासोको विषय हो। सोको लागि राज्य क्रियाशील हुनु पर्दछ। नेपालमा खेती गर्ने जग्गा थोरै भए पनि, यसको वितरण त्यत्तिकै असमान छ। करीव १० लाख परिवारसंग ठ्याम्मै खेती गर्ने जग्गा छैन वा अति थोरै जग्गा छ। सामाजिक न्यायका हिसाबले यी परिवारहरूलाई राज्यले गर्ने सबै काममा प्राथमिकता दिनु पर्दछ। अर्को तर्फ थोरै प्रतिशत जग्गाधनीहरूसंग धेरै धेरै जग्गा छ र त्यसको प्रयोग राम्ररी नगरिएको स्थिति छ। त्यस्तो जग्गामा उत्पादकत्व कम छ। यो परिस्थितिमा जग्गा भएका जग्गाधनीबाट अति कम जग्गा भएका वा हुँदै नभएका किसानहरूमा जग्गा पूनर्वितरण गर्दा उत्पादकत्व वृद्धि तथा सामाजिक न्यायको विषय संगै हासिल गर्न सकिन्छ। उत्पादकत्वमा पर्ने राम्रो प्रभाव तथा भूवितरणबाट लाभान्वित हुनुपर्ने परिवार संख्या समेत विचार गरी तराईमा ३ हेक्टर, पहाडमा २ हेक्टर र हिमालमा ४ हेक्टरको हदबन्दी कायम गर्न प्रतिवेदनले सिफारिस गरेको छ। काठमाडौं तथा अन्य शहरी क्षेत्रको लागि पनि विभिन्न स्तरको हदबन्दीको सिफारिस गरिएको छ। यसरी तोकिएको हदभन्दा बढी भएको जग्गा उचित मुआब्जा दिएर सरकारले प्राप्त गर्ने र सो जग्गा वितरण गर्दा भूमिहीन किसान तथा अतिन्यून जग्गा भएका किसानलाई प्राथमिकता दिनु पर्ने पनि प्रतिवेदनको सुझाव रहेको छ।

**चकलाबन्दी**

एउटै किसानको जग्गा धेरै नाउँमा छरिएर रहेको समस्यालाई खण्डीकरणको समस्याको रूपमा बुझिन्छ। नेपालमा

सरदरमा एउटा किसानको जग्गा ४ ठाउँमा (कित्ता) छरेर रहेको पाइन्छ। यसरी छरिएर रहेको जग्गामा सिचाइ तथा अन्य पूर्वाधार विकास गर्नु खर्चिलो हुन्छ। सोको अभावमा उत्पादकत्वमा भने उल्टो प्रभाव परिरहन्छ। यो समस्या समाधानको लागि राज्यको तदारुकतामा किसानका छरिएर रहेको कित्ताहरूलाई चक्लाबन्दी गरिनु पर्दछ। चकलाबन्दी गर्न राज्यले "प्रोत्साहन" मूलक नीति तथा कार्यक्रम अख्तियार गर्नु पर्दछ। खण्डीकरणको समस्याको रोकथामको लागि कुनै पनि कित्ता तराइमा डेढ कठ्ठा, पहाडमा एक रोपनी र हिमालमा २ रोपनीभन्दा सानो गर्न नपाउने कानूनी व्यवस्थाको लागि पनि आयोगले सिफारिस गरेको छ।

**भूउपयोगको नीति**

व्यक्तिगत स्वामित्वमा रहेको जग्गा जमीन र सरकारी स्वामित्वमा रहेको वन जंगल तथा अन्य जग्गाको अधिकतम तथा वैज्ञानिक प्रयोग आवश्यक छ। सोको लागि कुन क्षेत्रको जग्गा कसरी र केका लागि प्रयोगमा ल्याउने भन्ने कुरालाई सरकारले भूउपयोग नीति मार्फत प्रभावित पार्नु पर्दछ। त्यस्तै असुरक्षित बस्ती, अव्यवस्थित बसोबास, आदि विषयहरूमा भूउपयोग नीति अन्तर्गत समाविष्ट गर्नु पर्दछ। व्यक्तिगत स्वामित्वमा नरहेका तर खेर गइरहेका जग्गाको उचित व्यवस्थापन र प्रयोगलाई पनि उत्तिकै महत्वका साथ लिनु पर्दछ। व्यक्तिगत स्वामित्वमा रहेका जग्गाको अवैज्ञानिक प्रयोग वा बाँझो राख्ने प्रवृत्तिलाई निरुत्साहित गर्ने नीति तथा कार्यक्रम पनि आवश्यक छन्। सरकारले यी सबै कुरा समेटेर भूउपयोग नीति बनाएर लागू गर्नु पर्दछ।

**कृषि विकासका प्रयास**

नेपालमा दशकौंदेखि कृषि विकासका विभिन्न प्रयासहरूमै रहेका भए पनि उत्पादकत्वको हिसाबले कृषि क्षेत्र अझै एकदमै पिछडिएको छ। सिचाइको अभाव, उन्नत प्रविधि तथा उन्नत बीउमलको न्यून प्रयोग, ग्रामीण क्षेत्रमा सडक तथा बिजुली जस्ता पूर्वाधारको अभाव आदि समस्याले कृषि उत्पादनको वृद्धि दर उत्साहवर्धक छैन। धीमा कृषि विकासले कृषिमा आधारित जनताको जीवनस्तर उकास्न सकेको छैन। यो अवस्थामा परिवर्तन गर्न दीर्घकालीन कृषि योजनाको तर्जुमा भइसकेको छ। दीर्घकालीन कृषि योजनाका प्रस्तावनाहरू मूल रूपमा अंगिकार गर्दै आयोगले भूमिसुधार र परिवर्तित भूव्यवस्था र भूस्वामित्वको परिप्रेक्षमा कृषि विकासलाई अझ सशक्त रूपमा कसरी हाँकेर लैजाने भन्ने नीतिगत सुझावहरू प्रस्तुत गरेको छ। आयोगले प्रस्तुत गरेको कृषि विकास र भूमिसुधारका प्रस्तावहरूले १० वर्षमा नेपालमा रहेको गरिबी १० प्रतिशतमा झार्ने तथा प्रति व्यक्ति खाद्यान्न उत्पादन ३६६ केजी पुऱ्याउने आंकलन गरिएको छ।

**कृषि श्रमिक**

भूमिसुधारको प्रतिफलबाट कृषि श्रमिकहरू बञ्चित नहुन भनेर राज्यले कृषि श्रमिकको साधन स्रोतमा पहुँच, न्यायोचित ज्यालाको प्राप्ति तथा राज्यद्वारा संचालित विकास निर्माणको काममा सहभागिता सुनिश्चित गर्नु आवश्यक हुन्छ। सोका लागि सबभन्दा पहिले कृषि श्रमिक परिवारलाई जग्गा वितरण गर्दा प्राथमिकता दिइनु पर्दछ। दोस्रोमा न्यूनतम ज्यालाको व्यवस्था र सो लागू गर्ने संयन्त्रको निर्माण आवश्यक छ। तेस्रोमा राज्यद्वारा संचालित शिक्षा, स्वास्थ्य जस्ता सेवाहरूमा यस्ता परिवारको पहुँच सुनिश्चित गरिनु आवश्यक छ। र सामाजिक सुरक्षाका संयन्त्रहरूको विकास गरी कृषि श्रमिकहरूको जीवनस्तर उकास्ने प्रयासहरू आवश्यक छन्।

प्रस्तावित भूमिसुधार लागू गर्न आयोगले विभिन्न सुझावहरू सल्लाह दिएको छ। सबभन्दा पहिले निश्चित समय दिएर सबै नेपालीलाई आफ्नो परिवारको जग्गा कति र कहाँ छ भन्ने विवरण पेश गर्न लगाउने र एक परिवार/ व्यक्ति एक लालपूर्जाको व्यवस्था गर्ने। यसैमा भूमिसुधारका प्रक्रियाहरू आधारित गरिने छन्। केन्द्रमा एक उच्चस्तरीय समिति/आयोग रहने र त्यस अन्तर्गत जिल्लास्तरीय समितिहरू रहनेछन्। सबै राजनैतिक दलहरू समेतको सहभागितामा रहेका यी समितिहरूले भूमिसुधारको कार्यक्रम लागू गर्नेछन्।

यसरी आयोगले भूमिसुधारका सात वटा पाटाहरूमा विस्तृत रूपमा स्थिति मूल्यांकन गरी सुधारका प्रस्तावहरू अघिसारेको छ। प्रस्तावित प्रस्तावहरूसँगै र एकीकृत रूपमा लागू नगर्दा प्रतिफल प्रभावकारी हुँदैनन्। उत्पादन वृद्धि र सामाजिक न्यायका लागि परिलक्षित प्रस्तावित भूमिसुधार गर्न राजनीतिक प्रतिबद्धता पनि उत्तिकै आवश्यक हुन्छ। आर्थिक तथा सामाजिक रूपान्तरणका लागि राज्यले विगतमा अख्तियार परेका नीति तथा कार्यक्रमहरू प्रभावहीन रहेकाले भूमिसुधारको औचित्य हालका दिनहरूमा झन् झन् बढेर गएको छ।


विजयादशमी तथा शुभदीपावली २०५८ को उपलक्ष्यमा सम्पूर्ण ग्राहक वर्ग एवं देशवासीहरुमा

हार्दिक मंगलमय शुभकामना

व्यक्त गर्दछौं।

**बुधकरण टि इस्टेट**

महेशपुर, झापा

# भूमिसुधार कार्यक्रमप्रति राजनीतिक पार्टीहरूको चुनावी घोषणा

– रमेश बडाल –

## १. विर्ता, गुठि लगायत दोहोरो नियन्त्रण प्रणाली अन्त्य गर्ने

**नेकपा एमाले:** जमीनमा वास्तविक रूपमा खनजोत गरिरहेका किसानहरूको मोही हक कायम गर्ने र जोताहाको हितलाई ग्यारेन्टी गर्दै जमीन माथिको द्वैध स्वामित्व समाप्त पार्ने

**नेपाली कांग्रेस:** जग्गामा अहिले विद्यमान द्वैध स्वामित्वको अन्त्य गर्न जग्गा धनी र मोहीलाई चित्त बुझ्ने गरी एउटा व्यवहारमूलक नीति र कार्यक्रम बनाउने, मोहीको हक हितको संरक्षण गर्नका लागि मोहीहरूको वैज्ञानिक लगत वा रेकर्ड बनाउने। जमीनमा रहेको द्वैध स्वामित्व समाप्त पार्न सो सम्बन्धी विधेयक ल्याउने।

**राष्ट्रिय प्रजातन्त्र पार्टी:** उत्पादन वृद्धि र न्यायको लागि भूमिसुधार भन्ने नारा सहित जमीनमा रहेका द्वैध स्वामित्व समाप्त पार्ने

**नेपाल सद्भावना पाटी:** दोहोरो नियन्त्रण अन्त्य गर्ने

**नेपाल मजदुर किसान पार्टी र राष्ट्रिय जनमोचा:** जोताहालाई मोही बनाउने

**नेकपा माले:** गुठी र विर्ता जमीनलाई जोताहाको नाममा दर्ता गर्ने

## २. जग्गाको हदबन्दी घटाउने

**नेकपा एमाले:** जग्गाको अधिकतम र न्यूनतम सीमा निर्धारण गरी बढी भएको जमीन भूमिहीन तथा गरीब किसानलाई उपलब्ध गराउने।

**नेपाली कांग्रेस:** वैज्ञानिक भू–स्वामित्वको सीमा निर्धारण गर्ने र निश्चित सीमाभन्दा बढी जग्गामा खेती गर्ने माथि सरकारले प्रगतिशील कर लगाउने, कानूनद्वारा जमीनको हद तोक्ने प्रणालीबाट कालान्तरमा समस्या दोहोरिने हुँदा प्रगतिशील कर प्रणालीको अवलम्वन गरी बजारको माध्यमबाट उपयुक्त हदबन्दी निर्धारण प्रणालीको विकास गर्ने ।

**राष्ट्रिय प्रजातन्त्र पार्टी:** नयाँ हदबन्दी कायम गर्ने, हदबन्दी कायम गर्दा जग्गाधनी किसानलाई क्षतिपूर्ति दिने र नयाँ हदबन्दीबाट प्राप्त जमीन गरीब किसानलाई उपलब्ध गराउने र त्यस्तो जग्गा खरीद गर्न बैंकबाट ऋण दिने ।

**नेकपा माले:** क्रान्तिकारी भूमिसुधार लागू गरी जमीनको न्यूनतम र अधिकतम हदबन्दी तोक्ने

## ३ चकलाबन्दी

**नेकपा एमाले:** जमीनको अधिकतम खण्डीकरणबाट कृषि उत्पादनमा प्रतिकूल असर परेकोले त्यस्तो प्रक्रिया रोक्दै जग्गाको चकलाबन्दीलाई प्रोत्साहित गर्ने, जमीन साटासाट गर्नु परे रजिष्ट्रेशन शुल्क मिनाहा गर्ने।

**नेपाली कांग्रेस:** जमीनको खण्डीकरण रोक्न र चक्लाबन्दीमा टेवा पुऱ्याउन आवश्यक कानूनी आधारबाट समेत उपयुक्त वातावरण तयार गर्ने ।

अन्य पार्टीहरूको यस सम्बन्धमा ध्यान गएको देखिदैन।

## ४. भू–उपयोग नीति

**नेकपा एमाले:** ऐलानी जग्गा, वनको निम्ति अनुपयोगी जमीन र पर्ती बाँझो जमीनको तथ्य संकलन गरी तथा उपयुक्त र व्यवस्थित प्रक्रियाबाट वास्तविक सुकुम्बासीलाई बाँडेर जमीनको सदुपयोग गर्ने

**नेपाली कांग्रेस:** नदी नियन्त्रणबाट निस्किएको कृषि योग्य जमीन तथा पर्ती जग्गा समेतलाई संभव भएसम्म चकलाबन्दी गरी भूमिहिन एवं बाढी पहिरोबाट पिडीत सुकुम्बासीलाई वितरण गर्ने, कृषि योग्य जमीन र कृषि उत्पादनमा भएको नदी कटान र पहिरो नियन्त्रण गर्न तटबन्ध र वृक्षरोपण गर्ने।

**रा.प्र.पा.:** नदी कटान भूक्षय नियन्त्रण गर्ने।

## ५. सिंचाई

**नेकपा एमाले:** जलस्रोत नीतिको एउटा अंगको रूपमा सिंचाईको विकास राष्ट्रिय र स्थानीय दुवैस्तरमा व्यापक रूपमा संचालन गर्ने, खेतीको लागि मौसममाथि रहेको अद्यावधिक निर्भरताको अन्त्य गर्दै कृषि उत्पाकत्व वृद्धि गर्न र खाद्यान्नमा आत्मर्निर बनाउन सिंचाईका क्षेत्रमा विभिन्न कार्यक्रम संचालन गर्ने ।

**नेपाली कांग्रेस:** कृषि उत्पादन वृद्धि गर्न सिंचाई सुविधा विस्तार गर्ने नीतिलाई सरकारले प्राथमिकता दिने र भइराखेको बाँध, पैनीमा उचित मर्मत सम्भार गर्ने, बोरिङ्ग गर्ने र अन्य तरिकाबाट सिंचाई आयोजना संचालन गर्ने

**नेकपा माले:** ५ वर्षभित्र सिंचाई योग्य भूमिमा सिंचाई सुविधा पुऱ्याउने र सिंचाई क्षेत्रमा नेपाली पूँजीलाई अधिकतम रूपमा प्रोत्साहन दिने

**रा.प्र.पा:** नेपालको तराई भाग र चुरे क्षेत्र तथा भित्री मधेशमा बाह्रै महिना सिंचाईको सुविधा उपलब्ध गराइने।

**नेपाल सद्भावना पार्टी:** जलस्रोतको विकासका लागि मित्र राष्ट्रको सहभागितामा अल्पकालीन तथा दीर्घकालीन सिंचाई एवं विद्युत आयोजना कार्यान्वयन गर्ने।

## ६. कृषि सडक

**नेकपा एमाले:** "दीर्घकालीन कृषि विकास योजनाले अघिसारेको भूमि, सिंचाई, कृषिसडक, मलखाद, ग्रामीण विद्युत, प्रविधि र बजारको व्यवस्थालाई एकीकृत गर्ने र यातायात नीति अन्तर्गत स्पष्ट रूपमा कृषि सडक निर्माण मर्मत सम्भार गर्ने।

**नेपाली काग्रेस:** गाउँघरदेखि शहर

बजारसम्म जोड्ने सडक निर्माण, गाउँघरमा उत्पादन भएका वस्तुहरूलाई शहर बजारमा पुऱ्याई ग्रामीण जनताको आर्थिक विकासमा सहयोग पुऱ्याउने, कृषिको दीर्घकालीन योजना अनुरूप कृषि सडक निर्माण गर्ने।

**रा.प्र.प्रा.**: ग्रामीण सडक निर्माण गर्ने ।

**नेकपा माले**: कृषि सडक ग्रामीण सडक, गोरेटो, घोरेटो बनाउन स्थानीय निकाय परिचालन गर्ने।

**नेपाल सद्भावना पार्टी**:: कृषि यातायातको विकास गर्ने।

### ७. कृषि श्रमिक

**नेकपा एमाले**: गरीब किसान, कृषिमा आधारित श्रमजीवी जनता, महिला, शोषितपीडित जनताको हितको रक्षा गर्न, कृषि मजदुरको कामको निश्चित समय र जीवन निर्वाह गर्नसक्ने न्यूनतम ज्याला तोक्ने ।

**नेपाली कांग्रेस**: सामन्ती प्रथाका अवशेषको रूपमा रहेको कृषि क्षेत्रका बँधुवा मजदुर, कमैया र हलीमाथि हुने शोषणलाई समाप्त पार्न कानून बनाउने ।

### ८. कृषि सहकारी र कृषि आधारित उद्योग

**नेकपा एमाले**: कृषिजन्य औधोगिक पदार्थको उत्पादन गरी औधोगिक आत्मनिर्भरता अभिवृद्धि गर्ने, नेपालमा स्थापना भएको उद्योगलाई चाहिने कच्चा पदार्थ स्वदेशमै उत्पादन गर्ने, र व्यवसायिक कृषि विकासमा जोड दिने। कृषि सम्बन्धी सम्पूर्ण सेवा आपूर्ति गर्न सहकारीको विकास गर्ने र सहकारी संस्थालाई कृषि सम्बन्धी सम्पूर्ण सेवाहरू आपूर्ति गर्ने प्रमुख संस्थाको रूपमा विकास गर्ने ।

**नेपाली काग्रेस**: कृषिजन्य उद्योग स्थापना गर्ने, सहकारिता र समूह खेती विकास गर्ने र साझा संस्थालाई किसानको सक्रिय सहभागिताद्वारा क्रियाशील गराउने ।

**राप्रपा**: कृषि क्षेत्रमा सहकारी संस्थाको परिचालन गर्ने

**नेकपा माले**: गाउँ गाउँमा सहकारी घरघरमा रोजगारीको नीति अघिसार्ने ।

# भूमिसुधारको लागि भएका कानूनी प्रयास

भूमि व्यवस्थालाई व्यावहारिक रूपमा संचालन गर्नका लागि ऐतिहासिक कालदेखि नै कुनै न कुनै प्रकारको कानून रहेको पाउँछौं

नेपालमा लिच्छवि कालदेखि नै कुत तोक्ने प्रथाको विकास भएको र सो व्यवस्था मुलुकी ऐन १९१० लागू हुँदा सम्म कायम रहेको थियो।

वि.सं. १९१० मा बनेको मुलुकी ऐनले जग्गा जमीनको लेनदेन तथा अन्य व्यवहारलाई नियमित गर्न केही व्यवस्था गरेको पाउँछौं।

वि.सं. १९६० पछाडि जग्गाको नापी प्रारम्भ भई केही हदसम्म भूमिको वैज्ञानिक अभिलेख तथा नापजाँच प्रक्रिया आरम्भ भएको थियो।

भूमि व्यवस्थालाई नै केन्द्र विन्दुमा राखेर २००७ सालको परिवर्तन पश्चात मात्र कार्य आरम्भ भएको पाइन्छ। जसलाई निम्न अनुसार उल्लेख गर्न सकिन्छ :

१. कानून निर्माण हुनुभन्दा अगाडि २००८ सालमा भूमिदारी अधिकार प्राप्ति कानूनको मस्यौदा भयो, २००८ सालमा भूमि जाँच कमिसन र २००९ सालमा भूमिसुधार कमिसन गठन भएको पाइन्छ। २०१२ सालमा १३ सूत्रीय योजनाको घोषणा राजा महेन्द्रबाट भएको थियो र सो घोषणामा कुतको निर्धारण, पर्ती जग्गा सुकुम्बासीलाई दिने, विर्ता जग्गाबाट हुने आम्दानीमा कर लगाउने दुई वर्ष जग्गा कमाउनेलाई मोहियानी हक दिने जस्ता कुराहरू थिए।

२. पहिलो पटक २०१३ सालमा भूमि सम्बन्धी कानून निर्माण भएको पाइन्छ। जग्गा र जग्गा कमाउने लगत खडा गर्ने ऐन २०१३ तर्जुमा गरी मोहीको लगत खडा गर्न फारम भर्ने कार्य भए पनि सो सम्बन्धी काम अगाडि बढ्न पाएन।

**३. भूमि सम्बन्धी ऐन २०१४**

यस ऐनले पनि मोहीहरूको हित र सुरक्षालाई ध्यानमा राखेको थियो। यस ऐनले मोहियानी हक, हकवालामा बाहेक अरुलाई हस्तान्तरण गर्न नपाउने व्यवस्था गरेको पाइन्छ।

२०१६सालमा मोहियानी हक बेचबिखन र दान दातव्य गर्न पाउने गराइएको पाइन्छ।

**४. विर्ता उन्मूलन ऐन २०१६**

२०१६ सालमा विर्ता उन्मूलन ऐन लाई विर्ता प्रथालाई नियन्त्रण गर्न र विर्ताको वर्गीकरण गरी "क" विर्ता जग्गा रैकरमा परिणत गर्ने र जोताहालाई मोहियानी हक पाउने व्यवस्था गरिएको पाइन्छ।

**५. कृषि सम्बन्धी (नयाँ व्यवस्था)**

**ऐन २०१९**: यसले एक वर्ष जोतेको भए मोहियानी हक कायम हुने र कुत बुझाउन्जेल मोहीलाई निकाल्न नपाइने, जग्गाको हदबन्दी निर्धारण गरी हदबन्दी माथिको जग्गा अरु जग्गा नभएको व्यक्तिलाई वितरण गरी सोको मूल्य वार्षिक किस्ताबन्दीमा लिने जस्ता व्यवस्था गरिएको पाइन्छ।

यो ऐन झापा, चितवन र पाल्पाको एक एक गाउँमा प्रयोग गरेपछि त्यसको अनुभवलाई आधार मानेर भूमि सम्बन्धी ऐन २०२१ ल्याइएको थियो।

**६. भूमि सम्बन्धी ऐन २०२१**

यस ऐनले जग्गाको हदबन्दीको निर्धारण, मोही सम्बन्धी व्यवस्था, कुतको निर्धारण, कुत नबुझाएकोमा गाविसमा जम्मा गर्ने व्यवस्था, विशेष अवस्थामा मात्र मोही हटाउन पाउने व्यवस्था अनिवार्य बचत संकलन, तथा जिमीदारी

उन्मूलन तथा मोहियानी हक समेत विक्री वितरण गर्न पाउने गरी व्यवस्था गरिएको पाइन्छ।

यस ऐनमा २०२२, २०२५, २०३८ र २०५३ गरी चार पटक संशोधन भएको छ।

यस ऐनमा २०२५ सालमा संशोधन हुँदा मोहीले अरुलाई जग्गा कमाउन दिएमा मोहीको हक अन्त्य हुने, मोहियानी हक खरिद बिक्री नहुने जस्ता प्रावधान समावेश भएको पाइन्छ।

२०५३ सालमा भएको संशोधनबाट मोहियानी हक कायम हुने अवस्था अन्त्य गरी रेकर्डमा रहेको वा दर्तावाल मोही र जग्गा धनी बीच आधा आधा जग्गा छुट्ट्याई दोहोरो नियन्त्रण अन्त्य गर्ने व्यवस्था समावेश गरिएको पाइन्छ।

उल्लेखित कानूनका अतिरिक्त जग्गा नापजाँच ऐन २०१९, उखडा सम्बन्धी ऐन २०२१, खाद्य ऐन २०२३, भूमि प्रशासन ऐन २०२४, खर्क जग्गा राष्ट्रियकरण ऐन प्रमुख छन्।

यस बाहेक कृषि र भूमि संग सम्बन्धित रहेर २०१५ सालमा विर्तावालले विर्तामा रकम लगाएर खान नपाउने ऐन, २०२४ सालमा राप्ती दुन विकास क्षेत्रको जमीनको (विक्री वितरण) व्यवस्था ऐन, २०२८ सालमा फोरा क्षेत्रको जग्गा सम्बन्धी ऐन, २०३४ सालमा जग्गा प्राप्ति ऐन आदि तर्जुमा भएको पाइन्छ।

# भूमिसुधारका विदेशी अनुभवहरू

भूमिसुधारलाई आंशिक किसिमले लागू गर्ने र पूर्ण रूपले लागू गर्ने दुवै खाले देशका रोचक अनुभवहरू पाइन्छन्।

**चीन**

चिनियाँ अनुभवलाई हेर्दा १९४८/१९४९ मा तेजीका साथ लागू गरिएको भूमिसुधारले झण्डै ३० करोड गरीब जोताहा र कृषि श्रमिकलाई समेटेको थियो। ४ करोड ७० लाख हेक्टर जमीनलाई ०.१५ हेक्टरको दरले वितरण गरिएको थियो। त्यस्तै ४२ लाख हेक्टर जमीन सरकारी कृषि फार्म अन्तर्गत राखिएको थियो। वितरणमा मात्र ध्यान नदिई अधिकतम भू-उपयोग, वैज्ञानिक खेतीका लागि औजार र अन्य सामग्री खरीद गर्न कृषि ऋण, व्यापक प्राविधिक सहयोग र धेरैखाले प्रोत्साहनहरू दिइएको थियो। सिंचित भूमि यो अवधिमा १६ प्रतिशत बाट बढेर ४५ प्रतिशत हुनपुग्यो। फलतः १९४९ मा ६० प्रतिशत मा रहेको गरिबी १९८१ मा आइपुग्दा ११ प्रतिशत मा झर्‍यो। अंकमा भन्नु पर्दा ३४ करोड गरीबहरूको संख्या घटेर ५-८ करोडमा आइपुग्यो। यस अवधिमा औसत वार्षिक १३ प्रतिशतको दरले आर्थिक वृद्धि हुनसक्यो, यो वृद्धि कम आय भएका अरु मुलुकको तुलनामा ३/४ गुणा बढी थियो। ८० को दशकभन्दा अधिको चिनिया अर्थतन्त्र मुलतः कृषिमै आधारित भएकोले यो प्रगतिको मुख्य आधार भूमि सुधार र कृषि सुधार नै हो।

**इराक**

१९५८ मा सिंचित क्षेत्रमा ५० हेक्टर र अन्यत्र २५० हेक्टरलाई हदबन्दी तोकी झण्डै २५ लाख हेक्टर जमीन कब्जा गरियो। तर राजनीतिक अस्थिरताले गर्दा प्रभावकारी ढंगले लागू हुन सकेन। १९७१ मा गरिएको दोस्रो भूमिसुधार प्रयत्न निकै प्रभावकारी भयो। कूल १४ लाख ७० हजार हेक्टर जमीन २ लाख १८ हजार गरीब कृषि परिवारमा वितरण गरियो। झण्डै ११ लाख हेक्टर जमीन अस्थायी किसिमले सरकारी रेखदेखमा गरीब किसानलाई भाडामा दिइयो। २ लाख ६२ हजार कृषि परिवार अर्थात् झण्डै ४० प्रतिशत परिवारहरूले भूमिसुधारबाट प्रत्यक्ष फाइदा पाउन सके। सामूहिक फार्म र सरकारी फर्महरू पनि विकसित गरियो तर त्यसमा खास सफलता देखिएन। पछि धेरैजसो सरकारी र सामूहिक फार्महरू विघटित भए र वितरण गरियो।

सन् १९८० सम्ममा ३,२२,००० कृषि परिवारको बीचमा जम्मा ३० लाख हेक्टर जमीन वितरण भएको थियो। इराकको कूल खेतीयोग्य जमीन ५० लाख हेक्टरमध्ये ३० लाख हेक्टर सोझै भूमिसुधार अन्तर्गत वितरित भयो। भूमिसुधार शुरू गर्दा प्रति हेक्टर धान उत्पादन १.१२ टन थियो भने १० वर्षपछि नै यो प्रति हेक्टर २.७५ टन पुग्यो। प्रतिव्यक्ति आम्दानी पनि १९५६ को ५१


विजयादशमी तथा शुभ दीपावली २०७८ को उपलक्ष्यमा
सम्पूर्ण ग्राहक वर्ग तथा देशवासीप्रति
हार्दिक मंगलमय **शुभकामना** व्यक्त गर्दछौं।

**ठाकुर खनाल**
**अध्यक्ष तथा सिद्धार्थ विकास बैंक परिवार, बुटवल**

दिनारबाट बढेर १९७५ मा ४०७ दिनार पुग्यो।

**दक्षिण कोरिया**

१९५० मा भूमिसुधार शुरू गर्नु अघि कृषि परिवार मध्ये ३० प्रतिशत भूमिहीन कृषि मजदुर थिए। ६० प्रतिशत ग्रामीण परिवारहरू गरिबीको रेखामुन्तिर थिए। १९४८ मा ३,२५,००० हेक्टर जमीन सरकारले अधिग्रहण गऱ्यो। ३,३२,००० हेक्टर सरकारले खरीद गऱ्यो। यस बाहेक ५,७३,००० हेक्टर जमीन सस्तो मूल्यमा हतार हतार जमीन्दारहरू आफैले विक्री गरे। फलत: ११,५०,५५४ हेक्टर जमीनको कोरियामा गरीब र भूमिहीनहरू बीच वितरण हुन पुग्यो। आफै आफ्नो खेती गर्नेको संख्या १४ प्रतिशतबाट बढेर कूल कृषि परिवारको ७५ प्रतिशत भयो। कूल खनजोत भएको भूमिको ६० प्रतिशत पुनर्वितरण भएकोले यस्तो परिणाम आयो। १९५५ सम्ममा भूमिहीन कृषि श्रमिकको संख्या पनि ३० प्रतिशतबाट घटेर ३ प्रतिशत मा झर्न पुग्यो।

१७ वर्षका बीचमा धान, गहुँ र जौको प्रतिहेक्टर उत्पादन पनि दुई गुणा बढ्यो। १९८० मा गरिबीको रेखामुन्तिर रहेका परिवारको संख्या ९० लाख (६० प्रतिशत) बाट घटेर १६ लाख (९.४ प्रतिशत) मा आइपुग्यो।

**क्युबा**

१९५८ मा ९ प्रतिशत भूमिपतिहरूको हातमा ७३ प्रतिशत भूमि रहेको थियो। अमेरिकीहरूका स्वामित्वमा चिनी कारखाना अन्तर्गत २३ प्रतिशत भूमि रहेको थियो। ६७ हेक्टरको हदबन्दी कायम गरी प्राप्त गरेको जमीन र खेर गएको पर्ती जमीनलाई राज्यको अधीनमा लिई ३० हेक्टरका दरले भूमिहीनहरूमा वितरण गरियो। साथै विस्तृत योजना तयार गरी निजी फार्म, सरकारी फार्म र सहकारिता समेत विकास गरियो। अनुपस्थित स्वामित्वको अन्त्य गरियो।

१९६३ मा दोस्रो चरण अन्तर्गत १६ हेक्टरका दरले बाँकी वितरण गरियो। सिंचाइ सुविधाको विस्तारमा जोड दिई १९५९ मा १३ प्रतिशत भूमिमा सीमित सिचाईंलाई १९८४ मा ३२ प्रतिशतमा पुऱ्याइयो। मलको उपयोग ६३ केजी प्रति हेक्टरबाट बढाइ १७९ प्रति हेक्टर पुऱ्याइयो। श्रमको उत्पादकत्व पनि धेरै बढाइयो। देखि १९८३ को अवधिमा कृषि उत्पादकत्व प्रति श्रमिक १४३० पेसोबाट २१५० १९७१ पुग्यो। यसको प्रतिफल सबै क्षेत्रमा देखियो। १९६० र १९८५ को अवधिमा निरक्षरता ८९ प्रतिशतले घट्यो, शिशु मृत्युदर ५४ प्रतिशतले घट्यो र औसत आयु महिलाको ७७ र पुरुषको ७३ वर्ष हुन पुग्यो।

**इजिप्ट**

१९५२ अघि ९४.३ प्रतिशत साना (२ हेक्टरभन्दा कम भएका) कृषकहरूको हातमा ३५.४ प्रतिशत भूमि थियो र ८ हेक्टरभन्दा बढी जमीन हुने १.२ प्रतिशत मानिसहरूका हातमा ४५.१ प्रतिशत जमीन थियो। गरिबी १९५२ मा ५६.१ प्रतिशत रहेको थियो। भूमिहीन कृषि श्रमिकहरू कूल कृषि परिवारको ४५ प्रतिशत थिए। शुरू १२५ हेक्टरको हदबन्दी र पछि १९६१ मा ४२ हेक्टरको हदबन्दी तोकियो। १ हेक्टरका टुक्राहरू वितरण गरियो। ४० वर्षको अवधिमा क्षतिपूर्ति तिरिसक्ने गरी सरकारी ऋणपत्रहरू दिइयो। जमीन पाउनेहरूलाई जमीनको मूल्यको १५ प्रतिशत किस्ताबन्दीमा तिराउने व्यवस्था गरियो।

१९८४ मा आइपुग्दा २ हेक्टरभन्दा कम जमीन भएका साना कृषकहरूको संख्या ९५.२ प्रतिशत भयो र उनीहरूको हातमा ५३ प्रतिशत जमीन पुग्यो। अर्कोतिर ८ हेक्टरभन्दा बढी जमीन हुनेहरूको संख्या १ प्रतिशतमा झऱ्यो र उनीहरूको हातमा रहेको जमीन पनि ४५ प्रतिशतबाट घटी २५.७ प्रतिशतमा आइपुग्यो।

रसायनिक मलको उपयोग १९५२ देखि १९८० को बीचमा ८० प्रतिशतले वृद्धि भयो। प्रति हेक्टर औसत उत्पादन धान, गहुँ, मकै कपासमा दोब्बर भएर गयो। प्रति परिवार औसत आम्दानी २५ वर्षको अवधिमा ६०५ प्रतिशतले वृद्धि भयो (६ गुणाभन्दा बढी)

गरिबी ५६.१ प्रतिशतबाट घटेर १९५२-८२ को अवधिमा १७.८ प्रतिशतमा आइपुग्यो। गरीबहरूको संख्या ७७ लाखबाट घटी ४२ लाख भयो। यसरी इजिप्टको आंशिक भूमिसुधार पनि निकै सफल भनिन्छ।

- उमेश उपाध्याय


विजयादशमी तथा शुभदीपावली २०९८ को उपलक्ष्यमा

सम्पूर्ण ग्राहक वर्ग तथा सम्पूर्ण देशवासीप्रति


हार्दिक मंगलमय **शुभकामना** व्यक्त गर्दछौं

**राजेश गौतम**

**प्रबन्धक तथा नेपाल बंगलादेश बैंक परिवार, बुटवल**

# भूमि सुधारको विषयसंग जोडिएको कृषि श्रम

नेपालमा रोजगारीको सन्दर्भमा कृषि केन्द्र विन्दु नै हो। यसले सोझै ८० लाख मानिसहरूलाई रोजगारी दिएको छ। यो संख्या कूल आर्थिक रूपले क्रियाशील जनसंख्याको ८० प्रतिशत हुन आउँछ। ६० लाख श्रमिकहरू स्वरोजगार छन् र २० लाख भने ज्याला मजदुरको रूपमा काम गर्छन्। ज्यालामा काम गर्नेहरूमध्ये आधाजसो आंशिक समय काम गर्छन्, उनीहरू जोतको आकार सानो भएका वा सीमान्त समूहबाट आएका हुन्छन्। बाँकी १० लाख ज्याला मजदुरहरू पूर्ण समय ज्यालामा काम गर्छन्, उनीहरू भूमिहीन छन् र ज्यालाकै भरमा जीविका धान्छन्। हरेक १० जना पूर्णकालिक ज्याला मजदुरमा ७ जना दैनिक ज्यालादारी र ३ जना स्थायी खालको श्रम सम्बन्धमा रहेका पाइन्छन्।




कृषि श्रमिकहरूमा अर्ध वेरोजगारी समस्या निकै चर्को छ। एक हेक्टरभन्दा कम जमीन भएका स्वरोगार श्रमिकहरूमा ७० प्रतिशत अर्ध वेरोजगारीले ग्रस्त छन्। नेपालमा गरिबी ग्रामीण प्रकृतिको छ र भूमिहीन तथा थोरै जमीन भएका गरीब किसान वा स्वरोजगार श्रमिकहरू नै गरीब समूहका मुख्य भाग हुन्। प्रस्तावित परिवर्तनकारी भूमि सुधारले जमीन र रोजगारी दुवै यो वर्गलाई उपलब्ध गराउन सक्नुपर्छ।

कृषि क्षेत्रको श्रम सम्बन्धमा निकै विविधता छ। अधिकांशले खेतीमा आफ्नै पारिवारिक श्रम अथवा विनिमय श्रम (पर्म प्रथा) प्रयोग गर्दछन्। कृषि परिवारहरूमध्ये ३० प्रतिशत जतिले मात्र आवश्यकता हेरी दैनिक ज्याला मजदुरहरूलाई पनि काममा लगाउने गर्छन् । खेती र पशुपालनका काममा झण्डै ५ प्रतिशत कृषि परिवारले मात्र स्थायी मजदुरहरू वर्षै भरी काममा राख्ने गर्दछन्। तुलनात्मक हिसाबले तराई क्षेत्रमा स्थायी मजदुरहरू बढी राख्ने गरिएको पाइन्छ। स्थायी मजदुरहरूको जम्मा संख्यामा ३.४ प्रतिशत हिमाली जिल्लाहरूमा, ३०.५ प्रतिशत पहाडी र ६६.१ प्रतिशत तराई जिल्लाहरूमा पाइन्छन् ।

कृषि क्षेत्रमा स्थायी मजदुरहरूको प्रयोग दुई किसिमको छ। ठूलो संख्या खेतको काममा संलग्न छ र सानो संख्या गोठालाको रूपमा खेत-मजदुरमा हलिया, हरुवा, कमैया, जन आदि नाम प्रचलित छन्। पशुको हेरचाह गर्नेहरू गोठाला, चरुवा, गैबार, भैंसबार वा चेगार आदि नामले जानिन्छन्। यी श्रम सम्बन्धहरू देशका विभिन्न भागमा विभिन्न नाममा रहेका छन् र सेवा शर्तमा पनि भिन्नता छ। केही समय अगाडी सम्म स्थायी सम्बन्धको रूपमा कमैया प्रथा मध्य र पश्चिम तराईका जिल्लाहरू दाङ, बाँके, बर्दिया, कैलाली र कंचनपुरमा कायम थियो । अहिले सरकारी तहमा कमैया प्रथा उन्मुलन भएको छ, यद्यपी उनीहरूको पुरर्स्थापनाको काम बाँकी नै छ । कपिलवस्तु, नवलपरासी र रूपन्देही जिल्लाहरूका केही भागमा पनि यो प्रथा रहेको पाइएको छ। तर यी पछिल्ला तीन जिल्लाको कमैया प्रथाका विशेषताहरू र संख्यात्मक स्थितिबारे धेरै जानकारी उपलब्ध छैन।

(डा. शिव शर्मा को मूल लेख "नेपालमा अनौपचारिक क्षेत्रमा काम" को सम्पादन सहितको संक्षेपीकरण)


विजयादशमी तथा शुभदीपावली २०५८ को उपलक्ष्यमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

आरामदायी र भरपर्दो यात्राको लागि यस संघद्वारा संचालित बसहरुलाई सदैव सम्झनुहोस्

कृष्ण न्यौपाने — अध्यक्ष
कृष्ण प्रसाद अर्याल — सचिव

तथा पश्चिम नेपाल बस व्यवसायी संघ
प्रधान कार्यालय, बुटवल परिवार

# पराजुली बा के गर्दै हुनुहुन्छ?



हरिप्रसाद पराजुली, पराजुलीबाको नामले चिनिनुहुन्छ। आजभन्दा ७५ वर्ष पहिले मण्डन चा खोला, काभ्रेमा जन्मिनुभएका पराजुलीबा २०१६ सालमा बसाइ हिड्नुभयो। एक पीडित कृषि मजदुर भएर पनि उहाँ कहिल्यै जुलुस छुटाउनु हुन्न। परिवर्तनको इच्छा राखेर संघ र पार्टी कार्यालयमा निरन्तर धाइरहने अत्यन्त उत्साही पराजुलीबासंग नेपाल ट्रेड यूनियन महासंघका अध्यक्ष क. मुकुन्द न्यौपानेले गर्नुभएको छोटो कुराकानी -

**तपाई बसाइ हिंड्नुको कारण के हो?**

- मेरो बाबु ०१५ सालमा खस्नुभो, आमा पनि ६ महिना पछि १५ सालमै बित्नुभयो। आमाबाबु बितेपछि साहुले हाम्रो घरमा ताला लगायो र हामी आफ्नै घरबाट निकाला भयौं।

**निकाला हुनुको कारण**

साहुको भनाइ हाम्रो बाबुले उसको ऋण लिएको थियो रे?

**- कति**

उसको भनाइ ४००। तर न त बाले हामीलाई भनेका थिए न त्यो भन्दा अघि साहुले नै।

**प्रश्न : यसको विरुद्ध जुध्नु भएन?**

- गाउँका सबै ऊ देखि थर्कमान हुन्थे। कसैले हाम्रो पक्ष लिएनन्। हाम्रो लागि बसाइ हिंड्नु भन्दा अर्को विकल्प थिएन।

**प्रश्न : हेटौडा कसरी आइ पुग्नु भयो?**

- बाबु ! संझदै आँसु आउँछ। एक पैसा साथमा थिएन, डेढ वर्ष कि छोरी काखमा थिई। त्यही छोरी बोकेर म घरबाट निकाला भएर हिंडे। दिनभरि हिंडेर काठमाडौं पुगे र त्यही बास बसे। दोस्रो बास चितलाङ र तेस्रो बास भीमफेदीमा बसे। साथमा पैसा थिएन। चौथो दिन हेटौडा पुग्दा साथमा ५ पैसा थियो। सानी छोरी भोकले अत्यन्तै छटपटाउन थाली। पिपलको बोटनेर एक जना ढुंगेलको चिया पसल रहेछ, उनैसंग दुखेसो पोख्यौं। ५ पैसा थमाइ दिए। सिसाको गिलासमा आधा ग्लास दुध दिए। छोरीलाई ख्वाएर भोको पेट लिएर कसैले वास दिन्छ कि भनेर घुम्दै थियौं सडक छेउकै एउटा घरबाट एक जना महिलाले सोधिन् के "तिमीहरू काम खोज्न हिंडेको हो?" त्यो दिन, त्यो घरको गोठालो भागेको रहेछ र उनलाई काम गर्ने मान्छेको खाँचो परेको रहेछ। मैले हो, भनें। उनीहरूले हामीलाई बोलाए। भैंसी बाँध्ने कटेरामै त्यही गोठालाको सुत्ने बस्ने ठाउँ रहेछ। हामीलाई त्यहीं बसाए। अब हामी त्यहीं बसेर आफ्नो गुजाराको लागि मजदुरी गर्न थाल्यौं। ६ महिनासम्म धेरैजसो उनीहरूकै काम गऱ्यौं। त्यो वेला म ठूलो आपतमा थिएँ। आपतको वेला उनीहरूले दिएको कामलाई मैले गुण नै सम्झेको छु। उनीहरू रिजाल परिवार थिए। कृष्ण रिजाल घरमुलीको नाम थियो।

**प्रश्न : यहाँ आएर कृषि मजदुर बन्नुभयो। पहाडमा बाआमा खस्नुभन्दा अगाडिको अवस्था कस्तो थियो?**

- पहाडमा पनि हामीलाई अत्यन्तै दुख थियो। हाम्रो वा अत्यन्तै सिधा मान्छे हुनुहुन्थ्यो। हामी पनि सानैदेखि गोठालो बन्यौं। पढ्न लेख्न पाइएन। मण्डनबाट भक्तपुरे साहुहरूको भारी बोकेर हामी गुजारा गर्थ्यौं। पहिले पहाडमा हामी भरिया थियौं। त्यसलाई कुन मजदुर भनिन्छ मलाई थाहा छैन। यहाँ आएर मैले कृषिमा ज्याला बनि गरेर आफ्नो परिवार पालें। अब त म बूढो भए पनि साथमा एउटा छोरो छ। झुप्रो घर छ। छोरो बुहारी सबैको परिश्रमले बाँचेका छौं।

**प्रश्न : तपाईंको जीवनमा स्मरण गर्ने खालको कुरो के हो नि?**

- ए कुरा कति छन् कति। सबै कुरा भनौं भने मन भक्कानो पर्छ। तर पनि मेरो मनमा बिझाइरहने कुरा चाहिं सानामा गोठालो गर्दा को हो। बाखा गोरु चराउन जान्थें पौडी खेलेर भुलिंदा गोरु बाघले खायो। त्यसपछि बारी पनि जोत्न नसकिने भयो। ओरालो लागेको मिर्गलाई कुकुरले पनि खेद्छ भनेझैं त्यसको केही दिन पछाडि नै बाघले एकैचोटी ७ ओटा बाखा मारिदियो। गरिबीले सताइएको हाम्रो परिवारलाई त्यसले ठूलो चोट पाऱ्यो। मैले पिटाइ खाएँ। आज पनि मलाई त्यो घटनाले पोलिरहन्छ।

दोस्रो मलाई बिझाउने कुरो म आफ्नो जन्मथानबाट बसाई हिंडेपछि बाटामा पीठो माग्दाको घटना। कतिले घोचपेच गरे भने कतिले सुत्केरी जहान र काखको बालक देखेर दया पनि देखाए। यसबाट मैले दुइटै अनुभव पाएँ, यस दुनियाँमा निस्ठुर मात्र छैन दयावान मानिस पनि रहेछन्।

**प्रश्न : तपाई त अब बूढो हुनुभयो। आफू जस्तै दुख पाएका कृषि मजदुरहरूबलाई तपाई के भन्न चाहनुहुन्छ?**

- अहिले मैले सुनेको छु मजदुरहरूको मुक्तिको लागि ट्रेड यूनियन महासंघ गठन भएको छ र त्यसले कृषि मजदुरहरूलाई पनि गोलबन्द गर्दै छ रे म जस्ता कृषि मजदुरहरूले नेपाल ट्रेड यूनियन महासंघको घटक यूनियनको रूपमा रहेको कृषि मजदुर संघमा संगठित हुनुपर्छ र आफूमाथिको थिचोमिचोको विरुद्धमा जुध्नु पर्छ। एउटा जमाना थियो हामी केही बोल्न सक्दैनथ्यौं गाउँका जमीनदारले लगेर हामीलाई कोठामा थुनेर चुट्थे। अब जमाना बदलिएको छ। मजदुरका आफ्नै संगठन छन्। बोल्ने र संगठन गर्ने अधिकार पाएका छौं। यो मौकालाई हामीले गुमाउन हुँदैन। मेरो भन्नु यति नै हो। सबै मजदुर महासंघका वरिपरि गोलबन्द होउन्। महासंघ फलोस् फुलोस्।

# दर्शन भनेको के हो?



मुकुन्द न्यौपाने

शाब्दिक अर्थमा भन्दाखेरि ज्ञान तथा विवेकप्रतिको प्रेम। यो ग्रीक भाषामा फिलोसफियाबाट नेपालीमा अनुवाद गर्दाको शाब्दिक अर्थ हो। तर दर्शनको भावात्मक पक्षलाई हेर्ने हो भने यसको सम्बन्ध जटिल ज्ञानका प्रश्नहरूसंग गाँसिएको छ। जुनसुकै मानिसलाई पनि आफ्नो भविष्यको चिन्ता हुन्छ। चाहे वैज्ञानिक होस् ताहे राजनीति गतिविधिमा लागेको होस् या यस्ता गतिविधिबाट टाढा बसेको होस् जोसुकैलाई पनि आफू र आफू बसेको समाजको भविष्यको चिन्ता हुन्छ।

मानव जातिको भविष्य कस्तो होला युद्धको आगोमा होमिने हो कि शान्तिपूर्ण जीवन बाँच्न पाउने हो? भविष्यमा आफ्नो समाजको रूप कस्तो होला? हाम्रो प्रकृति हाम्रो जीवन यो विश्वको वातावरण अरु रमाइलो र मनोरम बन्दै जान्छ कि मानिसका आपसी अन्तर विरोध र युद्धले सम्पूर्ण कुरा खरानी भएर जानेछन्? यस्ता प्रश्नहरू सम्पूर्ण मानव जातिका सरोकारका विषय बनेका छन्। यस्ता प्रश्नहरूको सही उत्तर पनि दर्शनको ज्ञानले मात्र दिन सक्छ। यसैकारण समाजलाई बुझ्न र भविष्यबारे ज्ञान प्राप्त गर्न पनि दर्शन शास्त्रको अध्ययन जरुरी पर्दछ।

**हरेक विज्ञानले ज्ञान दिन्छ र वृद्धि प्रदान गर्दछ त्यसो भए के प्रत्येक विज्ञान दर्शन हो?**

के साँचो हो भने प्रत्येक विज्ञानबाट ज्ञान प्राप्त हुन्छ तर प्रत्येक ज्ञान एउटै प्रकारको हुँदन। प्रत्येक विज्ञानले हामीलाई वास्तविकताको एउटा विशिष्ट क्षेत्रको ज्ञान दिलाउँछ। तर यी विज्ञानले हामीलाई पूर्णताका साथ प्रकृति र विश्वको ज्ञान गराउन सक्तैनन्। यस्तो समग्र ज्ञानको आवश्यकता मानिसलाई पर्दछ त्यो काम दर्शनले मात्र गर्न सक्दछ।

दृष्टिकोण भनेको के हो?

व्यवहारबाट प्राप्त ज्ञानले जब सैद्धान्तिक विश्वाससंग एकता कायम गर्छ त्यसको परिणाम स्वरूप एउटा अविभाज्य विश्व दृष्टिकोणको रचना हुन्छ। त्यसै दृष्टिकोणले जीवनमा अगाडि गएर अत्यन्त महत्त्वपूर्ण भूमिका खेल्दछ।

**दुई विश्व दृष्टिकोणको अर्थ के हो?**

- विचारको हिसाबले विश्व दुई खेमामा विभाजित छ- एउटा सामाजवादी र अर्को पूँजीवादी। दर्शन पनि यसै गरी पक्षधर छ। दर्शन पक्षधर भएको हिसाबले दृष्टिकोण पक्षधर हुनु स्वभाविक हो। त्यसैकारण विश्वमा दुई दृष्टिकोण समाजवादी र पूँजीवादी भए जस्तै दर्शन पनि दुई दुई खेमामा विभाजित छन्।

भौतिकवाद र अध्यात्मवाद

**भौतिकवाद र अध्यात्मवाद यी दुई खाले धारणाको अर्थ के हो?**

- विश्वका वस्तु र घटना क्रममाथि अध्ययन गर्नु जरुरी छ। माटो, ढुंगा, रुख, पानी, हावा, धुलोकणहरू, घाम, जुन अथवा कुनै पनि जीवित वस्तु आदि यस्तो विषय लिनुस् जसलाई हामी हातले छुन सक्छौं, आँखाले देख्न सक्छौं, तौलन सक्छौं, नाप्न सक्छौं, कुनै तरिकाले आँक्न सक्छौं। यी मानवका चेतना भन्दा बाहिर र स्वतन्त्र छन्।

हामी हेरेर, सुँघेर, छोएर, चाखेर, सुनेर आफ्नो शरीरको कुनै न कुनै अंगको माध्यमले यी वस्तुहरूको बारेमा ज्ञान हासिल गर्दछौं। तर दोस्रो प्रकारको विषय छ जसलाई हामी नाप्न, तौलन, देख्न या सुन्न सक्दैनौं। यो मानिसको चेतनामा बास गर्छ। यो विषय हो चिन्तन र अकांक्षा। भौतिक पदार्थ र विषय, त्यसलाई मानिन्छ जुन हाम्रो चेतनाभन्दा बाहिर छ। मानिस नहुँदा पनि त्यो थियो मानिस नभए पनि त्यो रहन्छ।

विषयको दोस्रो समूह चेतनाको क्षेत्र हो। यो मानसिक विषय हो। यो विषय हो विचार, भावना, आकांक्षा। यो मानिसभन्दा बाहिर हुनै सक्दैन।

**के प्राथमिक हो अथवा पहिले केको उत्पत्ति भयो प्रकृति पदार्थको कि विचार र चेतनाको?**

- भौतिक पदार्थ प्रारम्भिक र प्राथमिक हो। त्यसैले चिन्तन र चेतनालाई जन्म दिन्छ। यसो भन्ने दार्शनिकहरू भौतिकवादी भनिन्छन्। यसको विपरित चिन्तनलाई प्रथम ठान्ने दार्शनिकहरू आध्यात्मवादी भनिन्छन्। हाम्रो वरिपरि वा हाम्रो चेतना वादी र जुन कुनै पनि चीज अस्तित्वमा छ त्यसको आधार भौतिक पदार्थ हो।

**यस्ता वास्तविकताहरूको अध्ययन गर्ने तरिका के हो?**

यो अति नै महत्त्वपूर्ण, गंभीर र जटिल हो। अध्ययन प्रणाली जसलाई सामान्य मात्रामा तरिका भन्छौं, यसको ठूलो महत्त्वपूर्ण भूमिका हुन्छ। प्रणालीको अंग्रेजी शब्द मेथड हो यो ग्रिक शब्द मेथडोलोजीबाट लिइएको हो। यसको अर्थ हो मार्ग दिशा।

यदि हाम्रो मार्गदिशा सही छ भने हामी लक्ष्यसम्म पुग्न सक्दछौं। यदि हाम्रो मार्गदिशा ठीक छैन भने हामी भट्किनेछौं र जहाँ पुग्नु पर्ने हो त्यहाँ पुग्न सक्नेछैनौं। **त्यसो भए ज्ञानको सही मार्गमा पुग्ने प्रणाली के हो त?**

- फरक फरक विज्ञानका अनुसन्धान कार्यका आफ्ना आफ्नै पद्धतिहरू छन्। तर हामीले ज्ञानको एउटा शाखाको विशेष तत्व प्रति मात्र होइन सम्पूर्ण प्रकृति र हाम्रो चारैतिरको विश्वको सम्पूर्ण तत्वप्रतिको दृष्टिकोण अपनाउनु र जान्नु जरुरी छ।

विश्वको बारेमा एउटा धारणा छ - यो अपरिवर्तनीय र अचल छ, यसलाई अधिभौतिकवादी प्रणाली भनिन्छ।

दोस्रो धारणा छ पदार्थ र तत्वहरूलाई निरन्तर परिवर्तन निरन्तर गति र विकासको रूपमा मान्ने धारणा, यसलाई द्वन्द्वात्मक प्रणाली भनिन्छ।

द्वन्द्ववादको बुझाई के छ भने विकास एउटा क्रम हो जसको परिणाम परिवर्तन हुन्छ। जसको कारण पुरातनको विनास हुन्छ र नयाँको जन्म हुन्छ। घटना क्रम वृत्ताकार चक्रमा घुम्दैन तर विषयमा नयाँ गुणको जन्म हुन्छ।

**द्वन्द्ववाद दार्शनिक प्रणाली हो कि वैज्ञानिक प्रणाली हो?**

द्वन्द्ववाद प्रकृति, मानव, समाज, विचारधारा, गति र विकासको सामान्य नियमको विज्ञान हो। यो विश्वको सम्पूर्ण विषयको सर्वव्यापी पारस्परिक सम्बन्धको विज्ञान हो। यसकारण यसको क्षेत्र सर्वव्यापी भएकोले यो विज्ञान आफैमा दार्शनिक प्रणाली हो र यो अधिभौतिकवादको विरुद्धमा छ।

**के भौतिकवाद र अध्यात्मवादको बीच संघर्ष अनिवार्य छ?**

सबै आधारभूत विषयलाई हेर्ने मामिलामा भौतिकवाद र अध्यात्मवादको बीच संघर्ष अनिवार्य छ। एंगेल्सको भनाइमा दर्शनको मूल लाई यसरी राख्न सकिन्छ। "ईश्वरले विश्वको सृष्टि गरेको हो कि यो अनन्तकाल देखि नै विद्यमान थियो?" भौतिकवादी र अध्यात्मवादीहरू यो प्रश्नको उत्तर एकदमै उल्टा दिन्छन्।

अध्यात्मवादी दार्शनिकहरू भन्दछन्, विश्व त्यो वेला पैदा भयो जब धारणा र चिन्ताले यसलाई पैदा गर्‍यो। धर्मको मत के छ भने जब सम्म ईश्वरले यसलाई रचना गरेनन् तबसम्म विश्वको अस्तित्व नै थिएन। स्पष्ट छ यी दुई वटै मत एउटै हुन्। अध्यात्मवाद भनेको पुरोहितवाद हो, धर्ममाथि आधारित छ।

दोस्रो तिर भौतिकवादको दावा के छ भने प्रकृतिको अस्तित्व सदा सर्वदादेखि थियो र छ । यसको कोही रचयिता छैन। विश्व विकासको यस धारणामा कुनै सर्वशक्तिमान नैसर्गिक शक्तिको लागि ठाउँ छैन। विश्वको विकास र आविष्कारको लागि ईश्वको आवश्यकता छैन। एउटा भौतिकवादी जहिले पनि अनीश्वरादी हुन्छ। धार्मिक पूर्वाग्रहले मानिसलाई सही भौतिकवादी दृष्टिकोण अपनाउन बाधा पार्छ। भौतिकवादीहरू र अध्यात्मवादीहरू अन्य सबै प्रमुख सवालहरूमा पनि फरक फरक धारणा अपनाउँछन्।

**प्रकृति वा पदार्थलाई हेर्ने सवालमा मात्र मत भिन्नता हो कि समाजलाई हेर्ने सवालमा पनि मत भिन्नता छ?**

हामीले माथि छलफल गर्‍यौं विश्व दुई खेमामा विभाजित छ समाजवादी खेमा र पूँजीवादी खेमा। यसैकारण समाज पनि दुई खेमामा विभाजित छ। शोषणमा आधारित समाज स्वत: दुई स्वार्थतिर तानिएको हुन्छ। त्यहाँ वर्गका अनेक स्वरूप पाइन्छन् र तिनीहरू दुई ध्रुवतिर तानिएका हुन्छन्। वर्गीय रूपले या त शोषक वर्गतिर हुन्छन् या शोषित तिर। यस प्रति भौतिकवादी र अध्यात्मवादीको दृष्टिकोण पनि फरक फरक छ।

माथिबाट हेर्दाखरि तपाईंलाई लाग्न सक्छ अध्यात्मवादी दार्शनिकहरू संसारको निरर्थकताबाट टाढा छन्, वर्गको झगडाबाट अलग छन् तर वास्तविकता यस्तो छैन। उदाहरणको लागि आधुनिक अमेरिकी दार्शनिक विलियम बोकरलाई लिनुहोस्। उनको भनाइ के छ भने "विश्वमा करोडौं फाल्तु मानिसहरू छन् त्यसैले उनीहरूलाई साफ गर्नको लागि एउटा परमाणु युद्धको आवश्यकता छ।"

अर्का खाले आदर्शवादी दार्शनिकहरू जो सधैं श्रमजीवी वर्गको विरुद्ध आंकलन गर्दछन् र पूँजीपति वर्गलाई श्रमजीवी वर्गको विरुद्ध लड्न मद्दत गरिरहन्छन्। यी दार्शनिकहरू श्रमजीवी वर्गलाई राजनीतिबाट अलग रहने सल्लाह दिन्छन् र सिधै राजनीति र राज्यसत्ता घरानियाहरूको पेवा भएको दावी समेत गर्दछन्।

यसको विपरित भौतिकवादले प्रगतिशील श्रमजीवी वर्गको पक्ष लिन्छ र रुढीवादको विरोध गर्दछ। भौतिकवादीहरूको तर्क के छ भने हावा पानी, घाम र पृथ्वी मानिसले बनाएका चीज होइनन्। यी मानिसको उत्पत्ति

(बाँकी ३० पेज मा)

# नेकपा माओवादीका मान्यताहरू किन गलत छन्?



**१. विश्व परिस्थितिका सम्बन्धमाः**

संसारमा समाजवादी राज्यको अस्तित्वलाई अस्वीकार गर्नु- तर समाजवादी राज्य अस्तित्वमा नभए नयाँ पूँजीवादी जनवादको पनि अस्तित्व रहँदैन भन्ने कुरा नबुझ्नु। समाजवादी अस्तित्वलाई अस्वीकार गर्दा आफूले लिएको जनवाद केको अंग हो, पुरानो पूँजीवादको कि वर्तमान समाजवादको? आफै अन्यौल हुनु ।

विश्वलाई एक ध्रुवीय बनेको ठान्नु । क्रान्तिको लागि उपयुक्त परिस्थिति रहेको उल्टा निष्कर्ष निकाल्नु।

विज्ञान र प्रविधिको विकासले विश्वक्रान्तिमा अनुकूलता थपेको दावी गर्नु- तर विज्ञान र प्रविधिको प्रयोगबाट बुर्जुवा वर्गले सम्पूर्ण पूँजीवादी मुलुकमा मजदुर वर्गको अत्यन्त ठूलो हिस्सालाई कम्युनिस्ट पार्टीको विरोधमा उभ्याएको कुरा र अन्य क्षेत्रमा पनि यसको लाभ पूँजीपति वर्गले अत्यधिक मात्रामा लिएको कुरालाई नदेख्नु।

फिलिपिन्स र पेरुमा समेत क्रान्तिमा मन्दी आएको कुरालाई स्वीकार्नु। तर विश्वक्रान्ति अत्यन्त अनुकूल भएको दावी गर्नु र मार्क्सवाद संगत ढंगले त्यसको पुष्टि गर्न नसक्नु।

एकातिर विश्व क्रान्तिको तत्काल परिस्थिति भएको विश्लेषण गर्दै अन्तरराष्ट्रिय क्रान्तिको केन्द्र खडा गर्नु तर विश्व क्रान्तिको मुख्य थलो कुन हो किटान गर्न नसक्नु र गतिविधि नेपाल जस्ता अत्यन्त पिछडिएका मुलुकमा मात्र गर्नु । विश्व क्रान्तिको मुख्य शक्ति पनि तोक्न नसक्नु। (विश्व क्रान्तिको अवस्था परिपक्व छ भने त्यसको मुख्य थलो पूँजीवादी मुलुक र मुख्य शक्ति सर्वहारा वर्ग हुनुपर्ने होईन र?।

**२. मार्गदर्शक सिद्धान्तका सम्बन्धमाः**

वाद र विचारधाराको बीचमा भिन्नता छुट्याउन नसक्नु। **मार्क्सवाद** पूँजीवादको शान्तिपूर्ण प्रतिस्पर्धाको युगको प्रतिनिधि र **लेनिनवाद** साम्राज्यवाद र सर्वहारा क्रान्तिको युगको मार्क्सवाद हो भन्ने कुरा बुझ्न नसक्नु। अर्को लेनिनवादको युगभन्दा छुट्टै नयाँ युगको थालनी भएको पुष्टि गर्न नसक्नु तर **माओवादलाई** नयाँवादको रूपमा खडा गर्नु।

चिनिया क्रान्तिका विशिष्ट अनुभवहरूलाई सार्वभौम सच्चाइका रूपमा लिनु। "हरेक मुलुकका आफ्नै विशिष्टता हुन्छन् र क्रान्तिका रूपहरू पनि त्यसै अनुरूप भिन्न हुन्छन् भन्ने लेनिनको भनाइलाई आत्मसात गर्न नसक्नु।"

वर्ग संघर्ष, वैज्ञानिक प्रयोग र उत्पादन संघर्षलाई परिस्थिति अनुकूल प्रयोग गर्ने कुरामा स्पष्ट हुन नसक्नु। वर्ग संघर्षले उच्चतम रूपमा प्रवेश गरी क्रान्ति सम्पन्न भइसकेपछि त्यहाँ उत्पादन संघर्ष प्रधान हुन्छ भन्ने मार्क्सवादको ऐतिहासिक भौतिकवादी मान्यता विपरित सर्वहारा अधिनायकत्व अन्तर्गत निरन्तर क्रान्तिको अवधारणा अघि सार्नु र चिनिया सांस्कृतिक क्रान्तिमा भएका भुलहरूलाई माओका सर्वोच्च योगदान ठान्नु।

पार्टीको निर्देशक विचारधाराको रूपमा प्रचण्डपथ विकास गरेको दावी गर्नु। प्रचण्डपथलाई मार्क्सवाद र माओवादको विकसित रूप मान्नु। तर मार्क्सवादका तीन संगठक अंग भन्दा भिन्न **प्रचण्डले के नयाँ कुरा विश्व क्रान्तिको लागि अघि सारे** भन्ने कुरा पुष्टि गर्न नसक्नु र साइनिङपथको नक्कलको रूपमा यसलाई

अघिसार्नु।

**केही समय यता** प्रचण्डपथ पनि छाड्न तयार हुनु। माओविचारधारा भनेर पनि माओवादी बन्न सकिने निष्कर्ष अघि सार्नु। तर यसलाई छाडिनु र अघि सारिनु पछि रहेका कारणहरूको चिन्तनगत भुलहरूबारे केही नबोल्नु।

**३.नेपाली क्रान्तिको कार्यक्रमका सम्बन्धमाः**

नेपाली क्रान्तिको न्यूनतम कार्यक्रम तथा त्यसका आम र विशिष्ट पक्ष बीच भेद गर्न नसक्नु। जसको परिणाम कहिले "क्रान्तिभन्दा अगाडिको देशभक्त र जनवादीहरूको सरकार" अनि कहिले "राजासंग कार्यगत एकता र कांग्रेस विरोधी शक्तिहरूको मोर्चा", कहिले "गिरिजा र ज्ञानेन्द्र गठबन्धन विरोधी मोर्चा" त कहिले "राजाको विरोध नगर्ने तर शान्तिपूर्ण वार्ताबाट गणतन्त्रको स्थापना गर्ने" जस्ता अस्थिर एवं अवस्तुवादी नारा अघिसार्नु । न्यूनतम कार्यक्रमको समग्र पक्ष अघिसार्न नसक्नु।

आमूल परिवर्तन पश्चात स्थापना गरिने शासन प्रणाली बहुदलीय प्रतिस्पर्धा, बहुदलीय सहयोग, एक दलीय, निर्दलीय वा कस्तो हुन्छ भन्ने बारेमा प्रष्ट दृष्टिकोण अघि सार्न नसक्नु। कहिले बहुदलीय शासन प्रणालीको समर्थन र कहिले विरोध गरेर कार्यक्रम जस्तो सवालमा मौकावादी तरिका अपनाउनु।

नेपाली समाजको विशेषता र विशिष्टतालाई बेवास्ता गर्दै जातीय तथा क्षेत्रीय आत्मनिर्णयको अधिकारको अन्ध नक्कल गर्नु। जातीय तथा क्षेत्रीय विद्वेष बढाउने ढंगका सोच अघि सार्नु। राष्ट्रिय एकता र अखण्डता प्रतिकूलको धारणा अघि सार्नु।

यो क्षेत्रका मुलुकहरूको क्षेत्रीय प्रभुत्ववाद विरोधी संघर्षलाई कमजोर पार्ने गरी **दक्षिण एशियाली सोभियत फेडरेशन**को नारा अघि सार्नु।

**४. क्रान्तिको बाटोका सम्बन्धमाः**

क्रान्तिको बाटोका सम्बन्धमा एकातिर मोडेल अवधारणाको विरोध गर्नु, अर्कातिर दीर्घकालीन जनयुद्ध र सशस्त्र विद्रोहका बीच समायोजनको कुरा गरेर निश्चित मोडेलकै पक्षमा उभिनु। अझ अगाडि बढेर विश्व क्रान्तिको मोडेलको रूपमा दुनियाभर यही कथित समायोजनको सिद्धान्त लाद्न खोज्नु।

क्रान्तिको बाटो निर्धारणमा शत्रु शक्तिको भूमिकालाई अस्वीकार गर्नु।

नेपाली क्रान्तिको बाटो दुनियाका कुनै पनि मुलुकको जस्तो हुँदैन र यो सर्वथा नेपाली विशेषता अनुरूपको छुट्टै र विशिष्ट हुन्छ भन्ने सत्यलाई बेवास्ता गर्नु।

संघर्षका निश्चित रूपहरूलाई न्यूनतम र निश्चित रूपहरूलाई अधिकतम ठान्ने, निश्चित रूपहरूलाई



क्रान्तिकारी र निश्चित रूपहरूलाई गैर क्रान्तिकारी ठान्ने तथा सत्ता प्राप्तिका लागि निश्चित रूपहरूलाई अनिवार्य ठान्ने जस्ता गैर मार्क्सवादी सोचको शिकार हुनु।

शान्तिपूर्ण, संसदीय तथा संवैधानिक संघर्षलाई कायरतापूर्ण र सशस्त्र, हिंसात्मक तथा प्रतिशोधपूर्ण कार्वाहीलाई बहादुरी ठान्नु।

शान्तिपूर्ण, संसदीय तथा संवैधानिक संघर्षको निरपेक्ष रूपमा विरोध गर्नु।

**केही समय यता** "प्रतिक्रियावादी शक्ति र जनसमुदायका बीचको जीवन मरणकै संघर्षको अर्को रूप" भनेर वार्तालाई समेत वर्ग संघर्षको एउटा रूप हो भन्ने स्वीकार्नु। "वार्ताको माध्यमबाट यथासंभव शान्तिपूर्ण ढंगले आमूल परिवर्तनको सकारात्मक निकासका लागि निरन्तर र व्यापक जनदवाव अनिवार्य हुने" निष्कर्ष निकालेर आमूल परिवर्तनका निम्ति शान्तिपूर्ण संघर्षको भूमिकालाई पनि स्वीकार्नु। तर आफ्ना मातहतका कार्यकर्ता र कमिटीहरूलाई नेतृत्वको घोषणा अनुसार संचालन गर्न नसक्नु।

**५. राणनीतिका सम्बन्धमाः**

"आधार इलाका र स्थानीय जनसत्ता सुदृढ र विस्तार गरौं, केन्द्रीय जनसरकार निर्माणको दिशामा अघि बढौं" भन्ने मनोगत नारामा आधारित भएर अघि बढ्नु।

यस क्षेत्रका कुनै एउटा देशमा क्रान्ति हुन नसक्ने र भए पनि त्यो यस क्षेत्रको आधार इलाका मात्र हुने गलत निष्कर्ष निकाल्नु।

एउटा देश (नेपाल) लाई क्रान्तिको इकाइ मान्न तयार नहुनु।

**६. राजनीतिक शक्तिहरूको विश्लेषण र संयुक्त मोर्चाका सम्बन्धमाः**

राजतन्त्रका सम्बन्धमा भ्रमपूर्ण मान्यता राख्नु। राजा वीरेन्द्रसंग नेपाली क्रान्तिका निम्ति सहकार्यको प्रयत्न गर्नु र उनलाई सिंहानुक बनाउने सपना देख्नु।

राजा र सेनाको सहयोगमा गणतन्त्र ल्याउने हावादारी कुरा गर्नु।

राजा वीरेन्द्रको बंश विनासलाई माओवादी विरोधी षडयन्त्रको कडीका रूपमा अर्थ लगाउनु। यो घटनालाई राजतन्त्रको अन्त्यका रूपमा बुझ्नु र त्यसबाट गणतन्त्रको जन्म भइसकेको दावी गर्नु। राजाको बंश र राज्यसत्ताका बीच विद्यमान भेदलाई बुझ्न नसक्नु।

प्रतिगामी शक्तिहरूसंग पनि देशभक्तिपूर्ण भन्ने नाममा सहकार्य र संयुक्तमोर्चाको खोजी गर्नु।

क्रान्तिकारी ध्रुवीकरण र एकीकरणको आवश्यकता देख्नु तर आफू बाहेक अरुलाई कम्युनिस्ट पार्टी र कम्युनिस्ट समूह मान्न तयार नहुनु। अरु सबैलाई नव संशोधनवादी तथा प्रतिक्रियावादी देख्न पुग्नु।

७. **कार्यनीतिका सम्बन्धमा**:

कार्यनीति निरूपणको आधार के हो भन्ने प्रश्नमा अस्पष्टता रहनु। कार्यनीति तात्कालिक राष्ट्रिय तथा अन्तरराष्ट्रिय परिस्थिति र आत्मगत शक्तिको सही मूल्यांकनमा आधारित हुन्छ भन्ने बुझ्न नसक्नु। कार्यनीति र रणनीति बीचको अन्तर सम्बन्धलाई ठीक संग बुझ्न नसक्नु। तात्कालिक परिस्थिति र शक्ति सन्तुलन फेरिदा कार्यनीति फेरिन्छ भन्ने सत्यलाई आत्मसात गर्न नसक्नु।

वस्तुगत अवस्था (अर्थात राष्ट्रिय-अन्तरराष्ट्रिय अवस्था) लाई भएको भन्दा अनुकूल देख्नु। आत्मगत शक्तिको बारेमा अति मूल्यांकन गर्नु, शत्रुको शक्तिलाई भएको भन्दा कमजोर ठान्नु, आफ्नो शक्तिलाई भएको भन्दा बलियो ठान्नु। प्रचार, संगठन र संघर्षका सम्बन्धमा उग्रवामपन्थी निष्कर्ष अघि सार्नु।

कार्यनीति निर्धारणका प्रश्नमा अत्यन्त अस्थिर देखिनु। कहिले अस्थायी क्रान्तिकारी सरकारको कुरा, कहिले सर्वपक्षीय सम्मेलन, अन्तरिम सरकार र जनसंविधानको कुरा, कहिले गणतन्त्रको संस्थागत विकासको कुरा, कहिले स्थानीय जनसरकार र आधार इलाका र कहिले वार्ताद्वारा शान्तिपूर्ण रूपान्तरणको कुरा गर्नु।

गणतन्त्रको नारालाई कार्वाहीको नाराका रूपमा अघि सार्नु।

८. **पार्टी निर्माणका सम्बन्धमा**:

पार्टी निर्माणका सम्बन्धमा सैन्यवादी सोचबाट निर्देशित हुनु। व्यवहारमा सैनिक पार्टीको अभ्यास गर्नु। कम्युनिस्ट पार्टी जस्तोसुकै कार्यनीति लिएको अवस्थामा पनि राजनीतिक पार्टी नै हुन्छ, सैनिक, संसदीय वा राजकीय पार्टी हुँदैन भन्ने कुरा बुझ्न नसक्नु।

नेतृत्वको केन्द्रीकरणका नाममा सामूहिक नेतृत्व-व्यक्तिगत जिम्मेवारी तथा जनवादी-केन्द्रीयताको संगठनात्मक सिद्धान्तलाई वेवास्ता गर्नु। व्यक्तिलाई धुरी मानेर चल्नु।

शत्रुतापूर्ण अन्तरविरोध र मित्रतापूर्ण अन्तरविरोधका बीच भिन्नता छुट्याउन नसक्नु। पार्टी भित्रको अन्तरविरोधलाई समेत शत्रुतापूर्ण तरिकाले समाधान गर्न खोज्नु।

पार्टी निर्माणका सम्बन्धमा व्यक्तिवादी महत्त्वाकांक्षा, आत्मप्रशंसा र निम्नपूँजीवादी व्यक्तिवाद हावी हुनु।



९. **कार्यशैली सम्बन्धमा**:

विचार परिवर्तनका लागि शक्तिको प्रयोग गर्नु। जबरजस्ती राजीनामा गराउने, अरुको आस्थामाथि प्रहार गर्ने, विचार बदल्न नमान्दा भाटाले पिट्ने, यी माओवादीका सामान्य जनतामाथि गरिएका कारवाही हुन्। जनतालाई हप्काउने, धम्काउने कुटपिट गर्ने, निधारमा औलो पुर्‍याउने, साले-गधा जस्ता गाली गलौज गर्ने कुरा आम प्रचलनका कुरा बनेका छन्। अनुशासन भन्ने आफ्नो लेखमा माओ भन्छन् "**जनतलाई कुटपिट र हप्काउने नगर।**" यसलाई माओवादीहरूले पूर्णरूपले उल्लंघन गरेका छन्।

कमरेड माओ अनुशासनकै नियमलाई औंल्याउँदै भन्छन् "**जनताबाट एउटा सियो धागोको टुप्पो सम्म पनि नलेउ**"! तर माओवादीहरूले यो भनाइलाई पनि पूर्ण रूपमा उल्लंघन गरेका छन्। जनताकोमा जाने, जबरजस्ती चन्दा असुल्ने, नदिनेलाई पिट्ने, लुट्ने, यहाँसम्म कि सल्यानमा चन्दा नदिदा एक जना एमाले समर्थकको हत्या समेत गरेका छन्।

कमरेड माओ भन्छन् "नम्र भएर बोल" "बाली नबिगार" "बन्दीसंग नराम्रो व्यवहार नगर" आदि। माओवादीहरूले माओका यी नियमको पनि घोर उल्लंघन गरेको कुरा कतिपय समयमा मानिसहरूमाथि गरेको दुर्व्यवहार, कारखानाहरूमा गरेको विस्फोटन र आगजनी, चौकी कब्जा पछि बन्दी प्रहरीको नृसंश हत्याबाट पनि पुष्टि हुन आउँछ। माओ भन्छन् "अनुशासनका यी नियमलाई कडाइका साथ पालना गर्नु पर्छ र यसलाई तोड्न दिनु हुँदैन। जसले यी नियमको पालना गर्दैन त्यसले कम्युनिस्ट एकतालाई अक्षुण्ण राख्न सक्दैन।" यसको मतलव माथिका अनुशासनका नियमको पालना गर्न नसक्ने मानिस कम्युनिस्ट हुनै सक्दैन। आज माओवादीको कार्यशैली हेर्ने जोसुकैले पनि प्रस्न गर्न सक्छ, माओवादी भित्र कुन माओवाद छ?

# होमनेट इन्टरनेशनल :

# आफ्नो यात्राको नयाँ मोडमा

बैंककमा आयोजित असार २५-२९ सम्मको यस संस्थाको तेस्रो बैठक मुख्य रूपले आफ्नै संस्थागत स्वरूप तय गर्ने कुरामा केन्द्रित रह्यो। विधान नयाँ किसिमबाट पारित भयो। केही कार्ययोजनाहरू तय गरिए र मुख्य विषयहरू पनि छुट्याइए।

सन् १९९५ देखि अस्तित्वमा आएको यस संस्थाको उद्देश्य "घर आधारित" श्रमिकहरूलाई संगठित गरी उनीहरूको हित र ट्रेड यूनियन अधिकारको सुरक्षा गर्नु हो।

**कस्तालाई घर आधारित (होमबेस्ड) श्रमिक भन्ने ?**

बढ्दो विश्वव्यापीकरणले उत्पादनको कामलाई पनि कारखानाबाट बाहिर घरघरमा पुऱ्याएको छ। ठूला निर्यातकर्ता र उत्पादकहरू आफ्नो उत्पादनमा लाग्ने खर्चलाई सकेसम्म घटाउनका लागि स्थायी श्रमिक राख्ने चाहँदैनन्, श्रमिकको संख्या सक्दो घटाउन चाहन्छन्। काम ठेक्कामा दिन्छन् र घरमा नै श्रमिकले वस्तु तयार गर्दछ र कारखानालाई बुझाउँछ - पीस रेटमा ज्याला दिइन्छ। श्रमिक उपर गर्नु पर्ने अरु सबै खर्च कारखाना मालिकको जोगिन्छ। श्रमिकले पाउने बिदा, औषधि, भत्ताहरू, उपदान, संचयकोष केही पनि कारखानाले दिनु परेन। ज्यालामा समेत शोषण गर्न पाउँछ। यसरी घरमा बसेर कारखाना वा उत्पादकको काम गर्ने श्रमिकलाई घर-आधारित (होम बेस्ड) श्रमिक भन्छन्। कार्पेट कारखानाबाट धागो र ऊन लिई आफै घरमा बुनेर मिटरको हिसाबले सारै कम दरमा पैसा लिने गलैंचा मजदुरहरू, गार्मेन्ट कारखानाबाट डिजाइन गरी काटिएका कपडा घरमै लगी काम गरेर तयारी पोशाक दिई पीस रेटमा पैसा लिने मजदुर वा इमब्रोइडरी तथा पोतेको काम गर्ने श्रमिकहरू हाम्रो देशमा स्पष्ट देखिने होम बेस्ड श्रमिक हुन्। यस्ता अरु धेरै कामहरूमा होमबेस्ड श्रमिकहरू छन्।

यस बाहेक आफ्नै पहलमा, आफ्नै खर्चमा, आफ्नै लगानीमा वस्तु तयार गरी ठूला उत्पादक वा कारखानालाई बेच्ने स्वरोजगार श्रमिकहरू पनि होम बेस्ड नै हुन्। यस्ता श्रमिकबाट खरीद गरी त्यस वस्तुलाई आफ्नो प्याकेजिङ र ब्रान्ड नाम दिई कारखानाहरूले पर्याप्त नाफामा उच्च मूल्यमा राष्ट्रिय अन्तरराष्ट्रिय बजारमा बिक्री गर्दछन्।

यसरी कारखानाबाट कच्चा पदार्थ लिई ठेक्कामा काम गर्ने हुन् वा आफ्नै लगानीमा उत्पादन गरी कारखानालाई बेच्ने हुन्, दुवै खाले श्रमिकको अवस्था संसारभरी नै अप्ठ्यारो छ।

**कसरी होमनेट स्थापित भयो?**

यस्ता श्रमिकहरूलाई कारखानाका यूनियनहरूले प्रायः नसमेट्ने भएकाले शुरू शुरूमा एनजीओहरूले यो काम गरे। त्यस्ता स्थानीय स्तरमा र कतै कतै राष्ट्रिय स्तरमा काम गरिरहेका एनजीओहरूलाई भेला पारेर भारतको "सेवा" भन्ने महिला श्रमिक संगठनले होमनेट इन्टरनेशनल स्थापनामा भूमिका खेल्यो। यसमा जापान र अस्ट्रेलिया जस्ता विकसित मुलुकदेखि मोजाम्बिक र घाना जस्ता अल्पविकसित मुलुकका घरआधारित श्रमिकका लागि काम गर्ने एनजीओहरू समेत सम्मिलित भए। "सेवा" ले विस्तारै ट्रेड यूनियनको स्वरूप ग्रहण गर्दै गएपछि होमनेटलाई पनि ट्रेड यूनियनको स्वरूपमा लैजाँदा श्रमिक हित बढी गर्न सकिने अनुभव गऱ्यो। पहिलो र दोस्रो अन्तरराष्ट्रिय बैठकसम्म होमनेट इन्टरनेशनल एनजीओ ढाँचामा बसे पनि तेस्रो बैठक अघि यसलाई आइएलओद्वारा अन्तरराष्ट्रिय संघको रूपमा मान्यता मिल्न सक्ने बनाउन प्रयत्न शुरू भयो। यो तेस्रो बैठकमा एनजीओ र ट्रेड यूनियनहरू मिश्रित साझा श्रमिक संघ बनाउने प्रयत्न भयो। तर ट्रेड यूनियनको ढाँचामा जान दिन नचाहने एनजीओहरूको संख्या धेरै भएकोले यसले ट्रेड यूनियनको स्वरूप अझ पनि लिन सकेन। तर पहिलेभन्दा नयाँ खालको स्पष्ट संस्थागत संरचना भने यस बैठकबाट होमनेट इन्टरनेशनलले प्राप्त गरेको छ।

**तेस्रो बैठकमा सहभागिता र कार्यक्रम**

यो तेस्रो बैठकमा नेपाल, भारत, पाकिस्तान, मलेशिया, फिलिपिन्स, थाइलैण्ड, कोरिया, जापान, चीन, अस्ट्रेलिया, ब्रिटेन, पुर्तगाल, मेक्सीको, बोलिभिया, टर्की, चिली, क्यानाडा, दक्षिण अफ्रिका, इण्डोनेसिया र ब्राजिल गरी २० वटा देशका ३२ संगठनहरू सहभागी भए। सहभागी व्यक्तिहरूको संख्या ५१ थियो, जसमा ४ पुरुष र ४७ महिला थिए। ३२ वटा संगठनमा जम्मा ७ वटा संगठन मात्र ट्रेड यूनियन थिए, बाँकी सबै एनजीओ। अब सदस्यता प्रणाली यो बैठकपछि व्यवस्थित भएकोले ट्रेड यूनियनहरूको संख्या बढ्न सक्ने सम्भावना बलियो भएको छ। हाम्रो देशबाट पनि नेस्वकामयू, नेस्वटेगामयू जस्ता संगठनको संलग्नता भविष्यमा हुनसक्ने अनुमान गर्न सकिन्छ।

सन् २००२ मा आइएलओको सम्मेलनले घर-आधारित श्रमिकको विषयमा ध्यान केन्द्रित गर्ने भएको छ। त्यसैले पनि यो बैठक महत्त्वपूर्ण रहेको थियो।

(बाँकी २६ पेज मा)




# फुलन देवी









सन १९८१ सालका दिन पूँजीवादी दुनियाले मनाउँदै आएको भ्यालेण्टाइन दिवस (प्रेम दिवस) को दिन पारेर आफ्नो डाँका जत्थासहित उनी बेहमान गाउँ पुगिन । आफूमाथि बलात्कार गर्ने ठाकुर सामन्तहरूको कठालो समातेर एक एक गर्दै बाहिर ल्याउँदै बन्दुक, भाला र खुकुरीको प्रहार गरी रगतको खोलो बगाउने आदेश दिइन्। डाँका दलले छिनभरमा २२ जना अपराधी सामन्तहरूको इहलिला समाप्त पारिदिए । अपराधीहरूसंग प्रतिशोध लिने काम पुरा गरेर उनी पुनः आफ्नो दलबल सहित जंगल पसिन्।

यो कुनै फिल्मको कथा होइन । यो त भारतको एउटा गरीब र दलित वर्ग, माझी परिवारमा जन्मिएकी एकजना महिला फुलनदेवीको जीवन चर्याको एउटा पाटो हो। सानै उमेरदेखि गरिबी र अपहेलनासंग जुध्न बाध्य भएकी फुलनको जन्म सन् १९६३ मा उत्तरप्रदेश घोडपुर्वामा भएको थियो । चार बहिनी र दुई भाइमध्येकी जेठी छोरी फुलन अभाव र गरिबीको बीच हुर्किएकी निरक्षर बालिका थिइन् । सामन्ती रुढिवादका कारण ११ वर्षको कलिलो उमेरमा नै आफूभन्दा २० वर्ष जेठो मानिससंग उनको विवाह भयो । पितृसत्ताको पासविक यातना भोग्न बाध्य फुलन विवाहको केही महिनामा नै श्रीमानको घरमा बस्न नसकी माइत गइन्। माइत गएको केही समयपछि उनलाई उनकै गाउँ र जातिको डाँकाहरूले अपहरण गरी जंगलमा लगे र उनी यौन दासीको रूपमा बाँच्न बाध्य भइन्। त्यस नारकीय जीवन बाँच्दै उनी १६ वर्षकी किशोरी भइन्। एक दिन अचानक उनलाई बेहमान गाउँका सामन्त ठाकुरहरूले भेट्टाए र बोरामा हालेर रुवाउँदै आफ्नो गाउँमा पुयाई एउटा कोठामा थुनेर तिनीहरूले पालैपालो सामूहिक बलात्कार गरे ।

तीन हप्तासम्मको त्यो पासविक यातनापछि उनी भाग्न सफल भइन् र सामन्तसंग बदला लिने अठोट सहित पुनः जंगलमा गई डाँका समूहमा सामेल भइन्।

यस पटक उनले जंगलमा पुगेर समान्तप्रतिको प्रतिशोध साध्नको लागि नयाँ तरिका अपनाइन् र डाँका समूहमा नेता विक्रम मल्लाहसंग प्रेमको अभिनय गरिन् । यस पटक उनले हतियार चलाउन सिकिन् ।

ईटाको जवाफ पत्थरले भने झैं आफूमाथि भएको अन्यायको जवाफी कार्वाहीको लागि उनी भेलाइन्टाइन दिसवको दिन बेहमाइ पुगिन् र सामन्तहरूको टाउको एक एक गरी छिनाई रगतको खोलो बगाई पुनः जंगल पसिन्। अर्को दुई वर्ष फेरि पनि जंगलमा बिताएपछि अब उनी मानवतापूर्ण जीवन जीउने योजनासहित डाँका समूह छाडेर जंगलबाट समाजमा फर्किने सोच बनाइन् र १९८३ मा २० बर्षीय लक्का जवान महिला आफ्नो साहसपूर्ण अभियान पुरा गरी टाउकोमा रातो साफा र हातमा बन्दुक बोकेर साहसपूर्वक निर्भिक भएर एउटा ठुलो जनसमारोह भइरहेको ठाउँमा देखापरिन् र उत्तर प्रदेशको मुख्य मन्त्रि समक्ष आत्म समर्पण गर्दै अब आफू समाज सेवामा लाग्ने कुरा राखिन्।

एउटा दलित परिवारमा जन्मिएर औपचारिक रूपमा कुनै पनि किसिमको शिक्षा र चेतनाको अवसरबाट बञ्चित महिला आफूमाथि भएको अत्याचारको विरुद्ध आफ्नै योजनामा आक्रोश पोख्ने मात्रै होइन, निर्भिकतापूर्वक प्रतिशोध लिन सफल उनको यो बहादुरी र साहसलाई भारतीय सरकारले कदर र सम्मान गर्न जानेन । बरु सामन्तहरूको पक्षमा लागी उल्टै उनलाई गिरफ्तार गरी ११ वर्षसम्मको जेल सजाय दियो ।

जेल जीवनमा उनलाई शहरका पूँजीवादी र सामन्तहरू तथा जंगलका डाँकाहरूको बीचमा कुनै भिन्नता महसुस हुन सकेन।

फुलन १९९४ मा जेलमुक्त भइन् र पुनः विवाह गरिन् । सिद्धान्त र चेतनाको हिसाबले वर्गीय भावना सिक्ने अवसर नपाए पनि व्यवहारको हिसाबले संधै अन्याय र अत्याचारको विरुद्ध जुझारु फुलनलाई भारतीय महिला मुक्ति र वर्गीय मुक्तिका पक्षधरहरूले सम्मान र सद्भाव देखाउन सकेनन्। उनको आँट र साहसको कदर गर्दै उनलाई आफूमा समाहित गर्ने काममा कुनै महिला समूहले चासोसम्म देखाएनन्। अन्तत उनी मुलायम सिंह यादवको समाजवादी पार्टीको प्रेरणाबाट सामाजिक कार्यमा संलग्न हुन थालिन् र अन्तत समाजवादी पार्टीमा सामेल भई र पिछडिएका, दविएका र हेपिएका जनताको पक्षमा काम गर्न थालिन्।

सन् १९९६ र १९९८ मा भएको निर्वाचनमा उनी आफ्नै जन्म थलो मिर्जापुरबाट लोकसभाको सदस्यका रूपमा विजयी बनिन् र तल्ला वर्गको जातको साँचो प्रतिनिधिको रूपमा लोकसभामा भूमिका निर्वाह गर्न थालिन्।

ठालुहरूको शासन रहेको ठाउँमा सानाको पक्षबाट बोल्नु खतरायुक्त हुन्छ भने झै सामन्तवाद र पूँजीवादको बाहुल्यता रहेको भारतीय लोकसभामा उनका कुराहरू कतिपयलाई सह्य हुन सकेन । अन्तत गत साउन १० गते, २०५८ को दिन संसदबाट खाना खान घर फर्कदै गर्दा उनको गोली हानेर हत्या गरियो।

फुलनदेवीको पार्थिव शरीरको हत्या गरिएको छ, तर पनि समकालीन दुनियामा उनी एक सनसनीपूर्ण व्यक्तित्व छाडेर गएकी छिन्। उनको साहसपूर्ण लडाई महिला, दलित र श्रमक वर्गीय जनताको लागि प्रेरणा बन्नुपर्छ । उनको जीवनमा रहेका थुप्रै साहसिक, जुझारु र निर्भिकताका पक्षहरू मनन योग्य र सिक्न लायक छन्। उनको जीवनका ती साहसिक कदमहरूका लागि फुलन धन्यवादकी पात्र छिन्।

---

**होमनेट इन्टरनेशनल ...**

**थाइलैण्डमा होमबेस्ड श्रमिक**

यो बैठक शुरू हुनु अघि २ दिन बैंकक शहरबाहिरका २ वटा होमबेस्ड श्रमिकहरूका ठूला बस्तीहरूको भ्रमण कार्यक्रम थियो। यो भ्रमण कार्यक्रम १९९८ मा स्थापित भएको होमनेट थाइलैण्डले आयोजना गरेको थियो। झण्डै झण्डै सहकारिताको ढाँचामा काम गरिरहेका यी श्रमिकको बस्तीमा हाम्रा श्रमिकहरूको जस्तो विपन्नता भने देखिँदैन। पहिलो भ्रमणमा काँसका भाँडाकुडा, चम्ची, पन्यूँ, डाडुदेखि कलात्मक मूर्तिहरू समेत बनाउने बस्तीमा हामी गयौं। ४० परिवार त्यसमा सम्मिलित रहेछन्। तर हरेक घरमा एउटा न एउटा उत्पादक काम हुने भएकोले सबै परिवारका घर साना साना कारखाना सरह नै थिए। दोस्रो दिन होमबेस्ड सुकुम्बासीहरूको बस्तीमा गइयो। उनीहरू स्याम्पुदेखि लिएर गरगहनासम्म बनाउने काममा संलग्न थिए। आफ्नै पहलमा आफ्नै खर्चमा पनि उत्पादन गर्ने, कारखानाहरूबाट ठेक्कामा काम र कच्चा पदार्थ ल्याएर पनि उनीहरू उत्पादन गर्ने गर्दा रहेछन्।

थाइलैण्डमा होमबेस्ड श्रमिकहरूलाई राज्यले निकै सामाजिक सुरक्षा व्यवस्था पनि गरेको छ। उनीहरूको हितका लागि श्रम मन्त्रालय अन्तर्गत छुट्टै कार्यालय नै स्थापित गरेको रहेछ। होमबेस्ड श्रमिकहरूको उत्पादनले देशको निर्यातमा निकै ठूलो टेवा पुग्ने र बेरोजगारी हटाउन पनि स्वरोजगार होमबेस्डहरूलाई प्रोत्साहित गर्नु आवश्यक हुने ठहर थाइ सरकारको रहेको छ।

**अन्त्यमा**

यो बैठकपछि अब एक वर्षभित्रमा विधान अनुसार निर्वाचन गरी पदाधिकारीहरू चयन हुनेछन्। व्यापक सदस्यता अभियान अघिबढ्नेछ। राष्ट्रिय अन्तरराष्ट्रिय लब्बींगका कामहरू अगाडि बढ्नेछन् भन्ने विश्वास बैठकका सहभागीहरूले लिएका छन्। स्वरोजगार श्रमिकहरू संगठित हुने र श्रम क्षेत्रको अनौपचारिकीकरण तथा विश्वव्यापीकरणको असरले गर्दा ट्रेड यूनियनहरू पनि अनौपचारिक क्षेत्रमा क्रियाशील हुने भएकाले भविष्यमा होमनेट इन्टरनेशनल एउटा ठूलै श्रमिक संगठनको रूपमा विश्वमा जम्न सक्ने सम्भावनाहरू देखिन्छन्।


विजयादशमी तथा शुभदीपावली
२०५८ को उपलक्ष्यमा
सम्पूर्ण ग्राहक वर्ग एवं
देशवासीहरुमा
**हार्दिक मंगलमय शुभकामना**
व्यक्त गर्दछौं ।

**होटल निर्माण**
**भैरहवा, रुपन्देही**

# जेण्डर समानता र प्रवर्द्धनको लागि ट्रेड यूनियनको परामर्श कार्यक्रमहरू सम्पन्न



जेण्डर समानता र प्रवर्द्धनका लागि ट्रेड यूनियन कमिटी (टुक-गेप) ले श्रम क्षेत्रमा जेण्डर विभेद गर्ने कानूनहरूको बारेमा एक अध्ययन सम्पन्न गरेको छ । अध्ययन टोलीले तयार पारेका अध्ययन प्रतिवेदनमाथि छलफलको लागि साउन १५ गते तीनवटै ट्रेड यूनियन महासंघका नेताहरू र कानूनविदहरूको बीच एक कार्यशाला आयोजना गरियो। उक्त कार्यशालाको सुझाव सहितलाई समावेस गर्दै कार्यथलोलाई जेण्डर समान बनाउन छलफलको लागि निम्न आधार अनुसार सुझाव तयार पारिएको थियो।

१. तीनैवटा सामाजिक सहयात्रीको बीचमा कार्यथलोमा रहेका विद्यमान असमानताको वारेमा छलफल गरी समय सापेक्ष परिवर्तनको लागि सहमति कायम गरिनुपर्ने ।
२. जेण्डर समानताका लागि कतिपय विषयमा कानून निर्माण गर्ने र अपर्याप्त कानूनलाई पूर्णता दिदै कार्यान्वयनको लागि सम्बद्ध सबै पक्ष प्रतिवद्ध हुनुपर्ने ।
३. रोजगारी सम्बन्धी कानूनका अतिरिक्त अन्य विषयमा समेत जेण्डर सम्मत कानून तर्जुमा गर्नुपर्ने र कार्यथलोमा चेतना अभिवृद्धिको लागि त्रिपक्षीय रूपमा कार्यक्रमहरू संचालन गरिनुपर्ने ।
४. एचआइभि एड्स जस्तो भयानक रोगको बारेमा श्रम क्षेत्रमा जानकारी गराउन उपयुक्त नीति तथा कार्यक्रम तय गरी कार्यथलो चेतनामूलक कार्यक्रम संचालन गरिनुपर्ने ।
५. आइएलओ अभिसन्धिहरू-रात्रि समयको काम (८९), व्यवसायजन्य स्वास्थ्य र सुरक्षा (१५५), मातृत्व संरक्षण (१८३) र पारिवारिक दायित्व (१५६) अनुमोदन गरिनुपर्ने ।

टुक-गेपले यही भाद्र ७ र ८ गते क्रमश: सरकारी अधिकारी र उद्यमी नेताहरूसंग छुट्टा छुट्टै परामर्श कार्यक्रमको आयोजना गऱ्यो ।

भाद्र ७ गते सरकारी अधिकारीहरूसंगको कार्यक्रममा बोल्दै कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयका सचिव उदय नेपालीले भन्नुभयो जेण्डर समानताको लागि कानून निर्माण गर्ने सम्बन्धमा सरकारले आफ्नो ठाउँमा प्रतिवद्ध रहनेछ। यसलाई सम्बन्धित बाटोबाट अगाडि बढाउन सबै क्षेत्र र तहबाट पहल गरिनुपर्दछ।

भाद्र ८ गते उद्यमीहरूसंगको कार्यक्रममा बोल्दै नेपाल उद्योग बाणिज्य महासंघका अध्यक्ष रविभक्त श्रेष्ठले भन्नुभयो- युनियनले अगाडि सारेका १०

वटा बुँदाहरू सान्दर्भिक छन्। यीमध्ये केहीमा हामी सहमत हौंला, केहीमा हामी आंशिक सहमत हौला र केहीमा हामी सायद असहत पनि हौला तर महत्त्वपूर्ण कुरा संवाद हो त्यो हामीले शुरू गरिरहेका छौं ।

आई एल ओ का निर्देशक लैला टेग्मो रेड्डीले भन्नु भयो- टुक गेपले जेण्डर समानतामा जोड दिंदै सकारात्मक परिवर्तनको लागि सामाजिक संवादको प्रक्रियामा महत्त्व दिएको छ । आइएलओको मर्यादित कामको अवधारणाबारे चर्चा गर्दै कामको अधिकार संबन्धी आधारभूत सिद्धान्त, महिला पुरुष दुवैलाई व्यापक रोजगारीको अवसर हुनुपर्ने, सामाजिक सुरक्षा र सामाजिक संवाद प्रवर्द्धन गर्नुपर्नेमा उहाँले जोड दिनुभयो।

रोजगारदाता परिषदका सभापति सुरज बैद्य लगायतका प्रतिनिधिहरूको बीचमा १० वटै बुँदामा सैद्धान्तिक सहमति हुन सक्ने र कार्यान्वयनको लागि छलफल गरी उपयुक्त बाटो निकालिनु पर्ने कुरा बताउनुभयो।

विषयवस्तुमा छलफल गर्ने क्रममा उद्योग बाणिज्य महासंघका प्रतिनिधिहरूले आ-आफ्नो मन्तव्य व्यक्त गरेका थिए। दुवै दिनको कार्यक्रमको छलफल सत्रको अध्यक्षता आइएलओ साटका सिनियर जेण्डर विशेषज्ञ ज्योती तुलाधरले गर्नुभएको थियो। कार्यक्रमले निम्न निष्कर्ष निकालेको छ-

यसले उद्योगमा नकारात्मक असर पर्नु हुँदैन

उत्पादन घट्नु हुन्न, लागत बढ्नु हुँदैन

माग पूरा हुँदा कार्यथलो जेण्डर सचेत हुनै पर्छ

सुत्केरी बिदाको कुरा राम्रो हो तर कति दिन भन्ने बारेमा छलफल गर्नुपर्छ

मातृत्व संरक्षणको विषयमा सरकार नै नमुना हुनुपर्छ, ब्रेस्ट फिडिङ समयको माग ठीक छ

उद्यमीहरू क्वालिटी सर्भिसको लागि एकजुट गर्नुपर्छ

कुनै पनि रोजगारीको अवसरलाई सीपसंग जोड्नु पर्छ

सामाजिक सुरक्षा र स्वास्थ्य सुरक्षाको विषयमा यूनियनहरूको पनि योगदान हुनुपर्छ ।

लिंगीय दुरुत्साहनको विषय पहिले स्थानीय स्तरमा नै परामर्श गरेर टुंगाउनुपर्छ ।

बिदाको मामिलामा विवाद छ, सोचौं छलफल शुरू भएको छ, जारी राखौं ।

यूनियनको भूमिकालाई अझै स्पष्ट पारौं

हामी सवै राष्ट्का श्रमिक हौं भन्नेबाट अघि बढौं ।

दुवै दिनको कार्यक्रमको पहिलो सत्रमा आइएलओको गभर्निंग बडीका उच्चस्तरीय प्रतिनिधिहरू, आइएलओ काठमाडौंका प्रतिनिधि र तीनै वटा महासंघका अध्यक्षहरूले आफ्नो मन्तव्य राख्नुभएको थियो ।


विजयादशमी तथा शुभदीपावली २०५८ को उपलक्ष्यमा सम्पूर्ण ग्राहक एवं मजदुर वर्गमा

**हार्दिक मंगलमय शुभकामना**

व्यक्त गर्दछौं ।

**भृकुटी पल्प एण्ड पेपर नेपाल प्रा. लि.**

गैंडाकोट, नवलपरासी।

विजयादशमी तथा शुभदीपावली २०५८ को उपलक्ष्यमा सम्पूर्ण ग्राहक वर्ग एवं देशवासीहरुमा

हार्दिक मंगलमय शुभकामना

व्यक्त गर्दछौं ।

**राजकुमार आचार्य**

**राज टि इस्टेट, मेची**

विजयादशमी तथा शुभदीपावली २०५८ को उपलक्ष्यमा सम्पूर्ण ग्राहक वर्ग एवं देशवासीहरुमा

**हार्दिक मंगलमय शुभकामना**

व्यक्त गर्दछौं।

**मित्तल चिया सधैं प्रयोग गरौं**

**मित्तल उद्योग समूह**

भद्रपुर-४, झापा



# पोखराको सहमति

मजदुरहरूलाई ५।१० हजारको तलबको लोभ देखाउँदै सडकमा उतार्ने र मालिकहरूलाई रोल्पामा पड्किएको बमको धमाका सुनाउँदै धम्काउने नीति बोकेर माओवादीले आफू समर्थक यूनियन बनाउने अभियान थालेको छ। "मैले भने जस्तो गर नभए गर्दन जाला" जस्ता धम्की मार्फत उनीहरूले जिफन्टका यूनियनमाथि धावा बोधेका छन्। पौरख हुनेहरू आफै मिहेनत गरेर घर बनाउँछन्। अर्काको घर भत्काउँदैनन्। अर्काको घर लुट्ने र भत्काउने काम डाँकाहरू र जनताका शत्रुले मात्रै गर्छन्।

तर माओवादीहरू अहिले यस्तै गर्दैछन्। अहिले उनीहरू जे भन्दा मान्छे भाड्न सकिन्छ त्यही नै गर्दै समेत्छन्। मजदुरको हित गर्ने भन्दै स्थापित यूनियनको विरुद्ध विष बमन गर्ने क्रममा पोखरामा भने उनीहरू व्याङ्ग पछारिएका छन्।

पोखराका उद्योग व्यवसायीसंग त्यहाँका मजदुर यूनियनहरूले राखेको २४ सूत्रीय मागपत्रमा २०५८।४।२ मा सहमतिमा पुगेपछि "यो हाम्रो जनयुद्ध रोक्ने चालबाजी हो" भन्दै उनीहरू बहिष्कार गर्न पुगे। मजदुरका हितमा भएका निर्णयको बहिष्कार गर्ने र चन्दा पाए व्यवस्थापकका जस्ता अपराध प्रति पनि आँखा चिम्लिने कार्य मजदुर पक्षीय हुन्छ? हुँदैन, हुँदै हुँदैन। प्रस्तुत छ, पोखरामा भएको सहमतिको संक्षेप -

- अब भर्ना गरिने मजदुर वा कर्मचारीलाई नियुक्ति पत्र दिएपछि मात्र काममा लगाउने, संचयकोष काटिएकाहरूलाई स्थायी भएको मानिने भएकाले उनीहरूलाई स्थायी भएको मिति, तात्कालिक पद र हालको पद समेत उल्लेख गरी नियुक्ति पत्र दिने, २०५८।४।१ सम्म स्थायी नभएकाहरूलाई निजहरू काममा लागेको दिन उल्लेख गरी नियुक्ति पत्र र सबैलाई श्रम ऐनले तोकेको न्यूनतम तलब स्केल उपलब्ध गराउने
- २४० हाजिरी दिन वा काममा लगाएको एक वर्ष अवधि पुरा भएपछि श्रम ऐनले तोके बमोजिम स्थायी गर्ने, स्थायी गर्दा २०५८।३।३१ सम्म एक वर्ष वा सोभन्दा बढी कार्य अवधि पुरा गरेका सबै मजदुर कर्मचारीहरू तथा पिसरेटमा काम गर्ने मजदुहरूलाई समेत २०५८।४।१ बाट स्थायी गर्ने
- स्थायी भएपछि श्रम ऐनले तोके बमोजिमका बिदाहरू उपलब्ध गराउने, तलबको १० प्रतिशतले संचयकोष काट्ने र सो बराबरको रकम कम्पनीले थप गरी जम्मा भएको रकमको संचालन श्रम ऐन अनुसार गर्ने
- श्रम ऐनमा उल्लेख भए अनुसार दुर्घटना हुँदा कम्पनीले न्यूनतम क्षतिपूर्ति उपलब्ध गराउने, बीमा नगराएका कामदार तथा कर्मचारीहरूलाई पनि कम्पनीले श्रम ऐनमा उल्लेख गरेको दुर्घटना क्षतिपूर्ति दिने
- दैनिक ८ घन्टा काम भएमा आधा घन्टा खाजा खाने समयको व्यवस्था गर्ने, उत्पादन क्षेत्रमा ओभर टाइम काम गर्दा श्रम ऐनले तोके अनुसार ५० प्रतिशतले थप गरी भुक्तानी दिने
- कम्पनी नाफा नोक्सान जस्तो सुकै अवस्था भए पनि (बन्द भएको अवस्थामा बाहेक) एक वर्ष स्थायी नोकरी पुरा भएका कामदार तथा कर्मचारीलाई एक महिनाको बेसिक तलबको आधारमा बोनस वा दशैं खर्च स्वरूप दिने, स्थायी भएको एक वर्ष नपुगेकाहरूलाई स्थायी भएको अवधिमा दामासाहीले हुन आउने रकम दिने, श्रम ऐन अनुसार स्थायी कामदारहरूलाई हरेक आ.व. को शुरुको दिनबाट लागू हुने गरी तलबको आधा दिनको रकम बराबरको न्यूनतम एक ग्रेड दिने,
- कुनै पनि राजनीतिक पार्टी संघ संस्थाहरूले "नेपाल बन्द" घोषणा गरेको र कम्पनी चलाउन खतरा महसुस भई काम बन्द गर्न परेको अवस्थामा एक आर्थिक वर्ष भित्रको पहिलो तीन बन्द दिनको पुरा तलब, दोस्रो दुई बन्द दिनको आधा तलबको हिसाबले कम्पनीहरूले रकम उपलब्ध गराउने
- सिकारु र ठेकेदारीको पारिश्रमिक बाहेकको अन्य सबै कानूनी हैसियत दैनिक ज्यालादारी सरह हुने
- पीस रेट अन्तर्गत स्थायी भएपछि निजको तह र तलब भत्ता निर्धारण गर्ने, तह निर्धारण गर्दा सम्बन्धित कामदारको क्षमता अनुसार गर्ने
- मासिक पारिश्रमिक पीस रेटबाटहुन आउने र हप्तावारी बिदाको रकम जोडेर दिने
- सार्वजनिक बिदा, घर बिदा, बिरामी बिदा, सुत्केरी बिदा, क्रिया बिदा, संचयकोष कट्टी तथा थप, उपदान, दुर्घटना बापत पाउने क्षतिपूर्ति, बोनस तथा दशैं खर्च बापत पाउने रकमहरू निजहरूको निर्धारित तलबबाट हिसाब गरी दिने
- बोनस बाहेक खाइ पाई आएका तलब सुविधा कम नगर्ने
- वर्षको दुई पटक सबै कामदार कर्मचारीहरूको स्वास्थ्य परीक्षण गर्ने, औद्योगिक क्षेत्रभित्र भएको शिशु स्याहार केन्द्र र क्लिनिकलाई सुधार गर्ने
- सबै स्थायी कामदार तथा कर्मचारीहरूलाई सम्बन्धित कम्पनीबाट परिचयपत्र उपलब्ध गराउने
- श्री ५ को सरकारले आगामी दिनमा तलब भत्ता तथा अन्य सुविधाहरू थप भएको घोषणा गरेमा श्रमिकहरूले सोको माग गर्न पाउने

## जानी राखौं:
# शब्द परिचय



**रैकर** : जमीन राज्यको हो, भोग चलन गर्ने हक जनताको हो। मालपोत तिर्ने गरी भोग चलन गर्न जनतालाई दिइएको सरकारको स्वामित्वको जग्गा नै रैकर हो। यस्ता जग्गाको भोगचलनको हक किनबेच गर्न सकिन्छ। रैतीले भोगचलन गर्ने भएकोले रैकर भनिएको हो। सरकारले मुआब्जा दिएर वा नदिई यो जग्गा फिर्ता लिन पनि सक्छ।

**नम्बरी जग्गा** : रैकर जग्गाको अर्को नाम। नम्बरी जग्गा पनि हो।

**ऐलानी जग्गा** : कसैको नाममा नरहेको र स्वतः राज्यको मानिने जग्गालाई ऐलानी भनिन्छ।

**गुठी** : मठमन्दिर र धार्मिक संघ संस्थाहरूको लागि स्थायी आयस्रोतको उद्देश्यले छुट्याइएका जग्गालाई गुठी जग्गा भन्दछन्। सरकारी प्रशासन मातहतका गुठीलाई राज गुठी भनिन्छ। निजी वा सामूहिक हिसाबले बनाइएका र गुठीको रूपमा दर्ता गरिएकालाई दर्ता गुठी भनिन्छ। दर्ता नभएका तर गुठीको रूपमा छुट्याई त्यसै अनुसार भोगचलनमा रहेकालाई दुनिया गुठी भनिन्छ।

**बिर्ता** : राजभक्ति बापत वा सरकारलाई कुनै किसिमको सहयोग गरे बापत पुरानो समयमा राजा वा अख्तियार प्राप्त अधिकारीले व्यक्तिलाई पुरस्कार बापत दिने जग्गा बिर्ता भनिन्छ। यसमा पाउने व्यक्तिको पूर्ण स्वामित्व हुने र । तिरो तिर्नु पर्ने भए पनि कम वा नतिर्ने व्यवस्था गरी दिइएको हुन्थ्यो। पुस्तौं पुस्तासम्म उपभोग गर्न पाउने गरी बिर्ता दिइने प्रचलन थियो। बिर्ताका धेरै प्रकार देखिन्छन् :

**कुश बिर्ता** : बाहुनलाई जन्म, कुनै उत्सव वा काजक्रियामा दिइएको जग्गा।

**सुन बिर्ता** : राजा वा सरकारले सुन लिएर त्यस बापत दिएको जग्गा।

**मरवट बिर्ता** : लडाईंमा वीरगति प्राप्त गरेका सैनिकका परिवारलाई दिइएको जग्गा।

**फिकदर बिर्ता** : राम्रो काम गरेकोमा खुसी भई कर्मचारीलाई दिइएको जग्गा।

**दाइजो बिर्ता** : राजपरिवारका छोरीलाई विवाह पश्चात दिइएको जग्गा।

**बकस बिर्ता** : बक्सिसका रूपमा राजा वा राजपरिवारका प्रभावशाली शासकीय अख्तियारी प्रयोग गर्नेहरूले कसैलाई खुसी भई बिर्ता दिइएको जग्गालाई बकस बिर्ता भनिन्छ। बकस बिर्ता प्रायः दरबारका धाई आमा, सुसारे, ढोके, बैठके, सैनिक, कर्मचारी वा उच्च पदस्थ अधिकारीहरूले पाउने गर्दथे।

**किपट** : लिम्बु जातिका मानिसलाई तिरो तिर्नु नपर्ने गरी पूर्वी पहाडी जिल्लामा नेपाल एकीकरणपछि दिइएको जग्गा हो। किपट अन्य जातिलाई बिक्री गर्न नपाइने व्यवस्था थियो। किपट पाएका व्यक्तिलाई सुब्बा भनिएको हो।

जागिर : पुरानो समयमा पारिश्रमिकको सट्टा आयस्ता खानु भनी उच्च पदस्थ कर्मचारी वा सैनिक अधिकृतहरूलाई दिइएको जग्गालाई जागिर भनिन्थ्यो।

---

**दर्शन भनेको ...**

हुनुभन्दा अगाडि देखि नै विद्यमान थिए। यी वस्तुहरूको प्रयोग त्यसैले गर्न सक्छ जसले यसमा श्रम लगाउँछ। उत्पादनका साधनहरू श्रमको उपज भएकोले त्यसमा सम्पूर्ण श्रमजीवी वर्ग (शारीरिक वा मानसिक) अधिकार स्थापित गरिनु पर्छ। यही नै वास्तविक सच्चाइ हो र यही नै न्यायिक पनि हो।

तर अध्यात्मवाद यसको विपरित छ। आदर्शवाद र अध्यात्मवाद, सामन्तवाद र पूँजीवादको पक्षपोषण गर्ने झण्डा हो। भौतिकवाद श्रमजीवी वर्ग समाजको सम्पूर्ण विकासशील नवीन शक्तिको पक्षपोषण गर्ने समाजवादको झण्डा हो। यसैकारण प्रकृतिमा मात्र होइन समाजको प्रश्नमा पनि अध्यात्मवाद र भौतिकवादको बीच कटु संघर्ष छ।

विजयादशमी तथा शुभदीपावली
२०५८ को उपलक्ष्यमा
सम्पूर्ण ग्राहक वर्ग एवं देशवासीहरुमा
हार्दिक मंगलमय शुभकामना
व्यक्त गर्दछौं ।

छत्र बहादुर गिरी
गिरीबन्धु टि इस्टेट
बुट्टाबारी, झापा

विजयादशमी तथा शुभदीपावली
२०५८ को उपलक्ष्यमा सम्पूर्ण ग्राहक वर्ग एवं देशवासीहरुमा
हार्दिक मंगलमय शुभकामना
व्यक्त गर्दछौं ।

हिरी गिरी
बुट्टाबारी टी प्रोसेसीङ
बुट्टाबारी-४, झापा

# कठिन अवस्थामा रहेको बालश्रम विरुद्धको संघर्ष

विभिन्न देशका बालश्रमप्रति चासो राख्ने व्यक्तिहरूको वर्षौं लामो मिहेनत पछि सन् १९९९ जुन महिनामा अन्तरराष्ट्रिय श्रम संगठन (आइ. एल. ओ) ले "कठिन अवस्थामा रहेको बालश्रम" नामक नयाँ अभिसन्धि पारित गऱ्यो।

अहिले विश्वमा ५ देखि १४ वर्ष उमेर समूहका विकासशील देशमा मात्रै २५ करोड केटाकेटीहरू काम गर्छन्। आधा जति काम हानीकारक खालका छन्। धेरैले उनीहरूको स्वास्थ्य र नैतिकताका लागि खतरा पुऱ्याउने काम गर्छन्।





कठिन अवस्था भनेको के हो?
नयाँ अभिसन्धिले पहिलो पटक "कठिन अवस्था" को बारेमा व्याख्या गरेको छ । यसले विभिन्न देशहरूले सामाजिक- आर्थिक विकास, गरिबी निवारण र शिक्षाको लागि संगै संगै काम गर्न सक्छ पनि भनेको छ ।
कठिन अवस्थाको बालश्रम भनेको ...
दास प्रथा, ऋणको कारणले बनेको बाँधा, केटाकेटीको बिक्री, बाध्यकारी श्रम....
लडाइमा जान बाध्य पार्नु
केटाकेटीलाई लागू औषधि उत्पादन र ओसार पोसारमा लगाउनु
वेश्यावृत्ति, अश्लिल चित्र....
र हाम्रो स्वास्थ्य, सुरक्षा र नैतिकतामा असर पार्ने कुनै पनि प्रकारको काम....
नयाँ अभिसन्धि भन्छ, "हानिकारक काम" भनेको शारीरिक, मनोवैज्ञानिक वा यौन दुरूपयोग हो । जमिनमुनि गरिने काम हो। पानी मुनि गरिने काम हो । खतरनाक उचाइ र सानो ठाउँमा गर्ने, खतरनाक मेशिन र औजारबाट गरिने काम हो। गह्रौं, चर्को आवाज, तापक्रम र कम्पनमा गरिने काम हो।
तिम्रो अनुसार हामीले यस्तो अँध्यारो , डरलाग्दो र साँघुरो ठाउंमा काम गर्न हुँदैन होला?
अभिसन्धिले त त्यस्तै भन्छ।
पाइन्छ।
राति अबेरसम्म पनि काम गर्नु पर्दैन ? हामीलाई मन लागेको बेलामा जान पाइन्छ त?
बाल मजदुरी अन्त्य गर्न आइ.एल.ओ.ले पहिले पनि अभिसन्धि बनाई सकेको छ । अभिसन्धि नं. १३८ त्यही हो र यसलाई ७० भन्दा बढीले मानिसकेका छन् । नयाँ अभिसन्धिले चाँहि कठिन अवस्थामा रहेको बालश्रमलाई तुरून्तै अन्त्य गर्नुपर्छ भन्ने भावना बोकेको छ ।
यो नयाँ अभिसन्धिले कस कसलाई समेट्छ?
१८ वर्ष मुनिका सबै बच्चाहरूलाई।
देशहरूले विशेष खतरामा परेका केटाकेटीको सुरक्षा गर्नुपर्छ । र विशेष गरी हामी जस्ता दयनीय अवस्थामा रहेका केटीहरूलाई।




धन्यवाद सहित ILO, Geneva को मूल अंग्रेजी पाठबाट नेपालीमा जिफण्टद्वारा तयार पारिएको । चित्र सबै ILO, नेपालीमा पुनःसंयोजनः महेन्द्र श्रेष्ठ-एम्ज माउस-२६५९४४।